**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ६ (गोदावरी) संख्या : ५९ मिति : २०७९/०३/१४

**भाग-१**

**गोदावरी नगरपालिका**


**नगर सभाबाट पारित मिति :२०७९/०३/१०**

**प्रमाणीकरण मिति :२०७९/०३/१३**

# गोदावरी नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन २०७९

**प्रस्तावना**

नेपालको संविधान प्रद्धत्त किसानको मौलिक हक र नागरिकको खाद्य सम्प्रभुता एवं खाद्य सम्बन्धी हकको सुनिश्चितता र समग्र किसानको सशक्तिकरण गर्दै कृषि प्रणाली तथा यसको मुल्य शृंखलामा सुशासन कायम गर्न;कृषि प्रणालीलाई दिगो बनाउनका लागि कृषि जमिनको सततः उपयोग गर्दै परम्परागत र पर्यावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन हुनेगरी असल किसिमका कृषि ज्ञान तथा प्रविधिको उपयोगमा आधारित भई कृषि प्रणालीको आधुनिकीकरण र व्यावसायीकरण मार्फत खाद्यान्नमा आत्मनिर्भरता र किसानको आर्थिक अवस्था सुधार गरी समृद्धि हासिल गर्न; कृषि तथा पशुपन्छी पेशामा संलग्न किसान, कृषक समूह र कृषि सहकारी सस्थालाई आवश्यक पर्ने कृषि प्रसार, सेवा,सामग्री, सिंचाइ र प्रविधि प्रभाकारी रुपमा उपलब्ध गराई कृषि उत्पादनको प्रशोधन, भण्डारणर बजारीकरण गरी तुलनात्मक लाभका कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्न र कृषि क्षेत्रबाट स्थानीय तहमा प्राप्त लाभको किसानहरुका बीच न्यायोचित वितरण

गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ र २२६ बमोजिम गोदावरी नगरपालिकाको आठौं (नगर) सभाले यो ऐनको तर्जुमा गरेको छ।

## परिच्छेद एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम गोदावरी नगरपालिकाको "कृषि तथा पशुपन्छी ऐन, २०७९" रहेकोछ।

(२) यो ऐन यस गोदावरी नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट गोदावरी नगरपालिका भरी लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "करार खेती" भन्नाले किसानले जमिन करार वा भाडामा लिई गरिने कृषि कार्यलाई जनाउँदछ र सो शब्दले कृषि व्यावसायी र कृषक बीच करारनामा गरी कृषि उत्पादन र खरिद विक्री गर्ने कार्यलाई समेत जनाउँदछ ।

(ख) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविको पार्जन गर्ने नागरिक सम्झनुपर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत रुपमा कृषि औजार निर्माण गर्ने नागरिक समेतलाई जनाउँछ ।

(ग) "कृषि योग्य भूमि" भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने,कृषि जन्य उत्पादन गर्ने वा प्रचलित कानून बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमिलाई जनाउँदछ।

(घ) "कृषि कार्य" भन्नाले दफा १५ मा उल्लेख भए बमोजिमका विषय सँग सम्वन्धित कार्यलाई जनाउँदछ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(ङ) "कृषि फर्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि दफा १५ बमोजिमका उपभोग्य कृषि वस्तु उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्मलाई जनाउँदछ ।

(च) "कृषिवस्तु" भन्नाले कृषकले कुनै बोटविरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु र कृषि औजारलाई जनाउँदछ र सा शब्दले कृषि उपज समेतलाई जनाउँदछ ।

(छ) "कृषि पेशा" भन्नाले खेती तथा पशुपन्छी पालन कार्य गरी कृषि वस्तु उत्पादन गर्ने पेशालाई जनाउँदछ।

(ज) "कृषि व्यवसाय" भन्नाले व्यावसायिक उद्देश्यले गरिने दफा २८ बमोजिमका व्यवसायहरुलाई जनाउँदछ ।

(झ) "कृषिबजार" भन्नाले विभिन्न माध्यमबाट कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजारलाई जनाउँदछ ।

(ञ) "कृषि व्यापारी" भन्नाले कृषि उपजको थोक तथा खुद्रा व्यापारीलाई जनाउँदछ।

(ट) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने कार्यलाई जनाउँदछ।

(ठ) "खाद्य वस्तु" भन्नाले जैविक स्रोतबाट प्राप्त साँस्कृतिक रुपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउँछ।

(ड) "खाद्य सम्प्रभुता" भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकारलाई जनाउँदछः

(१) खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने,

(२) खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्वन्धित कुनै पनि व्यवसाय रोज्ने,

(३) कृषियोग्य भूमि, श्रम, बीउ बीजन, प्रविधि, औजारको छनौट गर्ने,

(४) कृषि व्यवसायको विश्व व्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभाववाट मुक्त रहने ।

(ढ) "खाद्य सुरक्षा" भन्नाले सक्रिय र स्वस्थमा नवजीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँचलाई जनाउँदछ ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई जनाउँदछ ।

(त) "तोकिएको" वा" तोकिएको बमोजिम" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिए वा तोकिएको बमोजिम सम्झनु पर्छ ।

(थ) "निर्वाह मुखी कृषि" भन्नाले आफ्नो परिवारको लागि आवश्यक पर्ने कृषि उपज उत्पादन गर्ने कृषि कार्यलाई जनाउँदछ।

(द) "पारिवारिक खेती" भन्नाले परिवारको लगानी र पारिवारिक श्रमको मात्र उपयोग गरेर गरिने कृषिलाई जनाउँदछ।

(ध) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषिफार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई जनाउँदछ।

(न) "भूमिहीन" भन्नाले कृषि पेशामा आश्रित भई आफ्नो वा आफ्नो परिवारको नाममा नेपालभर दर्ता वा दर्ता जग्गा नभई यस गोदावरी नगरपालिकामा तयार गरिएको अभिलेखमा भूमिहीनका रूपमा नाम समावेश भएको व्यक्तिलाई जनाउँदछ।

(ऩ) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले छोटो समयको लागि कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई जनाउँदछ।

(प) "हाट बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई जनाउँदछ।

## परिच्छेद दुई
## किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्त र नीतिहरु

**३. किसान र कृषिसम्बन्धी मार्गनिर्देशक सिद्धान्तः** यस गोदावरी नगरपालिकाले किसान र कृषि क्षेत्रका सम्बन्धमा देहाय बमोजिमका मार्गनिर्देशक सिद्धान्तहरुको अवलम्बन गर्नेछः

(क)यस गोदावरी नगरपालिकामा रहेका कृषि तथा खाद्यसम्बन्धी परम्परागत तथा पर्यावरणमैत्री नवीनतम ज्ञान,सीप तथा प्रथाजनित एवं सांस्कृतिक अभ्यास र पर्यावरणमैत्री कृषि प्रणालीको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

(ख) कृषि क्षेत्र तथा कृषि भूमिमा कृषक र भूमिहिन किसानहरुको समेत पहुँच र स्वामित्व सुनिश्चत गरी न्यायपूर्ण आर्थिक अवस्थाको सिर्जना गरिनेछ ।

**४. किसान र कृषि सम्बन्धी नीतिः** (१) यस गोदावरी नगरपालिकाको किसान तथा कृषिसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा अवलम्बन गरिने नीति देहाय बमोजिम हुनेछः

(क)किसानको कृषि तथा पशुपन्छी पालनसम्बन्धी रैथाने तथा परम्परागत ज्ञान र खाद्य संस्कृति, कृषिजन्य जैविक विविधता, पर्यावरणीय प्रणाली र प्राङ्गारिक एव दिगा कृषि विधिमा आधारित आत्मनिर्भर र खाद्य सम्प्रभुत्तालाई सम्मान गर्ने किसिमको दिगो कृषि प्रणालीलाई प्राथमिकता प्रदान गरिनेछ ।

(ख) कृषि क्षेत्रलाई यस गोदावरी नगरपालिकाले बिशेष संरक्षित क्षेत्रको रुपमा पहिचान गरी समग्र कृषकहरुको आर्थिक र सामाजिक बिकासको लागि आवश्यक पर्ने सेवा र सुबिधा प्रदान गरिने छ ।

(ग)किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी सस्था र कृषि तथा खाद्य उद्यमीहरुको सहकार्यमा कृषि भूमिको संरक्षण गर्दै र कृषि कार्यलाई एक सम्मानजनक पेशाको रुपमा आत्मसात् गराउनका लागि कृषि क्षेत्रको व्यावसायीकरण गरी उद्यमशीलता, रोजगारी, आय आर्जन,जीविकोपार्जन, समृद्धि र सामाजिक सुरक्षाका अवशरहरु सिर्जना गरिनेछ ।

(घ)किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक पर्ने सबै किसिमका सेवा,सामग्री र प्रविधिमा सहज पहुँचका लागि आवश्यक पर्ने संस्थागत व्यवस्था र स्रोत साधनहरुको प्रवन्ध गरिनेछ ।

(ङ)कृषि सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायतका समग्र निर्णय प्रक्रियामा गोदावरी नगरपालिकाका सम्बन्धित प्रतिनिधि सहित किसान एवं कृषक समूह र यसका प्रतिनिधिमूलक संघ संस्था र सम्बद्ध नागरिक समाजको पूर्ण र प्रभावकारी सहभागिता प्रवर्द्धन गरिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित नीतिहरुलाई आवश्यक संस्थागत व्यवस्था र आर्थिक एवं प्राविधिक लगायतका स्रोत साधनहरुको प्रवन्ध गरी क्रमशः कार्यान्वयन गर्दै जानु पर्नेछ ।

## परिच्छेद तीन
## कृषिसम्बन्धी आधारभूत विवरण व्यवस्थापन

**५. कृषि तथ्याङ्क संकलनः** (१) यस गोदावरी नगरपालिकामा रहेका किसान र कृषिका बारेमा देहाय बमोजिमका विवरण सहितको तथ्याङ्क संकलन गरी अभिलेखित गरिनेछः

(क) किसानहरुको वर्गीकरण अनुसारको परिवार संख्या र भूमिहिन किसानहरुको विवरण ।

(ख) कृषक समूह, पशुपालक समूह र कृषि सहकारी संस्थाहरुको विवरण र अवस्था ।

(ग) सिंचाइ सुविधा पुगेको वा नपुगेको सहित कृषियोग्य भूमिको विवरण र नक्शाङ्कन ।

(घ) रैथाने लगायतका मुख्य कृषि उपज, भण्डारण तथा प्रशोधन र बजारीकरण भइरहेका र हुन सक्ने कृषि उपजहरुको विवरण।

(ङ) नगदेवाली, तरकारी र फलफूल खेतिको उत्पादन र सोको बजारीकरणको अवस्था ।

(च) पशुपालन, पन्छी पालन र माछा पालनको अवस्था तथा विवरण र दुग्ध तथा माछा मासुजन्य उत्पादन र विक्री वितरणको अवस्था ।

(छ) रैथाने, परम्परागत र सांस्कृतिक महत्वका खाद्य वस्तुहरुको उत्पादनको अवस्था ।

(ज) कृषिजन्य पूर्वाधार (सिंचाइ, शीत भण्डार, कृषिमिल तथा खाद्य प्रशोधन, ढुवानी वा कृषि सडक आदि) को अवस्था ।

(झ) कृषि सेवा प्रदायक (कृषि तथा पशुपन्छी सेवा केन्द्र तथा शाखा, कृषि सामग्री र बीउ बीजन, मलखाद वा प्राङ्गारिक मल उत्पादनक र सोको वितरण, पशु स्वास्थ्य सेवा, कृषि बीमा, पशु बीमा, वातावरणमैत्री किटनाशक विषादी आदि) को अवस्था र यसमा किसानको पहुँचको अवस्था ।

(ञ) कृषि सेवा प्रदायकहरुको नियमन तथा अनुगमन सम्बन्धी व्यवस्था र सोको कार्यान्वयनको अवस्था ।

(ट) कृषि शिक्षा, कृषि प्रचार प्रसार र कृषि स्रोत व्यक्तिहरुको उपलब्धताको अवस्था ।

(ठ) अन्य आवश्यक र महत्वपूर्ण विवरणहरु ।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क संकलनका लागि यस गोदावरी नगरपालिकाले कम्तिमा ५ वर्षमा एक पटक र आवश्यकता अनुसार अन्य समयमा पनि कृषि तथा पशुपन्छी गणना गर्नु पर्नेछ ।

**६. कृषि तथ्याङ्कको विश्लेषण र प्रचार प्रसारः** (१) दफा ३ बमोजिमको तथ्य तथ्याङ्क तथा विवरण तयारी, विश्लेषण र प्रकाशन गर्दा किसानहरुको समेत प्रतिनिधित्व, सहभागिता र सशक्तिकरण हुनेगरी सहभागितामूलक विधिहरुको अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा ३ बमोजिमको तथ्य तथ्याङ्क तथा विवरण र अभिलेखलाई प्रत्येक ३ वर्षमा एक पटक र समय समयमा आवश्यक्ता अनुसार अद्यावधिक गर्न सकिनेछ ।

(३) कृषि तथ्याङ्क संकलन, विश्लेषण र अद्यावधिक गर्नका लागि नेपाल सरकार र प्रदेश सरकारका कृषि तथा पशुपन्छी सम्बन्धी कार्यालयहरु, कृषि ज्ञान केन्द्र, कृषि सहकारी संस्थाहरु र कृषि उद्यमी तथा कृषि व्यावसायीहरुले समेत यस गोदावरी नगरपालिकालाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

(४) यस गोदावरी नगरपालिकाले कृषि तथा किसानका सम्बन्धमा आवधिक योजना तर्जुमा गर्दा कृषि तथ्याङ्क र पशुपन्छी सम्बन्धी तथ्याङ्कलाई मध्यनजर गर्नु पर्नेछ ।

(५) यस गोदावरी नगरपालिकामा रहेको कृषि तथ्याङ्कहरुको नियमित रुपमा प्रचार प्रसार गरी किसान र सम्बन्धित सरोकारवालाहरुको सहज पहुँच हुने व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद चार

## किसान पहिचान, वर्गिकरण, संरक्षण र सशक्तिकरणसम्बन्धी व्यवस्था

**७. किसानको पहिचानः** (१) यस गोदावरी नगरपालिकाले किसान पहिचान, वर्गिकरण तथा सूचीकरण र परिचयपत्र सम्बन्धी कार्यविधिमा निर्धारित विभिन्न स्थानीय सूचकहरु समेतका आधारमा कृषि कार्यमा संलग्न किसानहरुको गणना गरी किसानहरुको पहिचान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका किसानहरुलाई दफा ८ बमोजिमको आधारमा वर्गिकरण गरी किसान परिचयपत्र प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको किसान परिचयपत्र प्राप्त किसानहरुले यस गोदावरी नगरपालिकाबाट प्रदान गरिने विभिन्न अनुदान, सहुलियत, सेवा तथा सुविधा र आवश्यक सिफारिसहरु प्राप्त गर्न सक्नेछन् ।

**८. किसानको वर्गिकरणः** (१) यस गोदावरी नगरपालिकामा रहेका भूमिहिन किसान, पारिवारिक खेतिको रुपमा निर्वाहमूखी कृषि कार्य गर्दै आएका कृषक परिवार र अन्य विभिन्न किसिमका कृषि पेशा तथा कृषि व्यवसाय गर्दै आएका किसानहरुलाई जीविकोपार्जन र कृषि क्षेत्रको दिगो विकास हुनेगरी कार्यविधि अनुसार विभिन्न वर्गमा वर्गिकरण गरिनेछ ।

(२) किसानको वर्गिकरण तथा सूचीकरण सम्बन्धी आधार र सूचकहरु कार्यविधिमा निर्धारण भए बमोजिम हुनेछन् ।

(३) दफा ७ बमोजिम पहिचान भई परिचयपत्र प्रदान गरिएका विभिन्न प्रकारका किसानहरुलाई विभिन्न अनुदान, बीमा, सहुलियत, सेवा तथा सुविधा र आवश्यक सिफारिसहरु प्रदान गर्दा फरक फरक अनुदान, सहुलियत, सेवा तथा सुविधा प्रदान गर्न सकिनेछ ।

**९. कृषक समूह गठन, दर्ता, नवीकरण, सहजीकरण र सञ्चालनः** (१) यस गोदावरिनगरपालिकको वडा अन्तर्गत गाउँ वा टोलस्तरमा रहेका किसान तथा कृषकहरुले आफ्नो सामूहिक हित र क्षमता विकासका लागिनिश्चत् क्षेत्रका प्रत्येक किसान परिवारबाट प्रतिनिधित्व हुनेगरी कृषक समूहवा पशुपालक समूहहरु गठन र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको कृषक समूह वा पशुपालक समूहलाई यस गोदावरी नगरपालिकामा दर्ता गर्नु पर्नेछ र प्रत्येक २ वर्षमा यस नगरपालिकाको आर्थिक कानूनमा निर्धारित सेवा शुल्क तिरी नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालनमा रहेका कृषक समूह वा पशुपालक समूहहरुलाई यस गोदावरी नगरपालिकाले आवश्यक सेवा सुविधा प्राप्तिका लागि सहजीकरण गर्न र सिफारिसहरु प्रदान गर्न सक्नेछ ।

(४) दर्ता भई दुई वर्षसम्म निष्कृय रहेमा वा अनुदान रकम र अन्य सुविधाहरु दुरुपयोग गरेको पुष्टि हुन आएमा र प्रचलित कानून विपरितका कार्यहरु गरेको प्रमाणित भएमा त्यस्तो कृषक समूह वा पशुपालक समूहलाई यस गोदावरिनगरपालिकको कार्यपालिकाको बैठकबाट निर्णय गरी दर्ता खारेज गर्न सकिनेछ ।

तर यसरी दर्ता खारेज गर्नुपूर्व सात दिनको समय दिई सुनुवाईका मौका दिइनेछ ।

(५) कृषक समूह सञ्चालनसम्बन्धी अन्य व्यवस्था यस गोदावरी नगरपालिकाको कृषक समूह वा पशुपालक समूह सञ्चालनसम्बन्धी कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

**१०. कृषि तथा पशुपन्छी सहकारी संस्थाः** कृषि तथा पशुपन्छी सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन यस गोदावरी नगरपालिकाको सहकारी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**११. किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणः** (१) यस गोदावरी नगरपालिकामा रहेका सबै प्रकारकाकिसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि दफा ८ बमोजिमको किसान वर्गिकरणलाई समेत मध्यनजर गर्दै यस गोदावरी नगरपालिकाले वार्षिक र आवधिक रुपमा उपयुक्त र आवश्यक योजनार कार्यक्रमहरु तर्जुमा गरी सम्बन्धित किसान तथा कृषक समूह वा पशुपालक समूह वा यस्ता समूहका सञ्जालहरु वा कृषि सहकारी संस्था वा कृषि फर्म र कृषि सम्बन्धी लघु उद्यम तथा घरेलु उद्योगहरु मार्फत कार्यान्वयन गर्नेछ ।

(२)उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रमको तर्जुमा गर्दा गरिब तथा विपन्न, भूमिहीन, सिमान्तकृत र साना किसान, कृषि श्रमिक, कृषि कार्यमा संलग्न महिला, आदिवासी जनजाती र दलित किसानको सहभागिता सुनिश्चित गर्दै यस प्रकारका किसानहरुका आवश्यकतालाई विशेष प्राथमिकता प्रदान गर्नु पर्नेछ ।

(३) यस गोदावरी नगरपालिकामा रहेका सबै प्रकारकाकिसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि उपलब्ध स्रोत साधन र क्षमताका आधारमा देहाय बमोजिमका कार्यहरु गरिनेछः

(क)भूमिहिन किसान तथा सिमान्तकृत किसानलाई आफै कृषि कार्य नगर्ने व्यक्तिका जग्गा जमिन वा नेपाल सरकार, प्रदेश सरकार तथा यस गोदावरी नगरपालिका र अन्य कुनै संघ संस्थाहरुले उपलब्ध गराएका तथा प्रयोग गर्न दिएका जग्गा निश्चत् अवधीका लागि सम्झौता गरी भाडामा लिई कृषि कार्य गर्न पाउने अवस्था सृजना गर्न सहजीकरण गर्ने र अधिया वा बटैया खेति प्रणालीको अनुगमन र नियमन गर्ने।

(ख) कृषि श्रमिकहरुले कृषि कार्य गरे वापत पाउने पारिश्रमिक र सेवा सुविधा निर्धारण गरी दैनिक रुपमा पारिश्रमिक पाउने कुराको सुनिश्चतता गर्ने ।

(ग)कृषि प्रसार, सेवा,सामग्री र प्रविधिमा किसानहरुको पहुँच सुनिश्चतताका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने र क्षमता विकासका कार्यक्रमहरुमा भूमिहिन र सिमान्तकृत किसान, गरिब तथा विपन्न किसान, कृषि श्रमिक, महिला किसान र कृषि कार्यमा आश्रित आदिवासी जनजाति, दलित परिवार, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई प्राथमिकता प्रदान गर्ने ।

(घ)किसान तथा कृषक समूहले पाउने सेवा, सुविधा, वस्तु, प्रविधि, छुट, सहुलियत, अनुदान आदि वास्तविक किसानले समयमा नै पाउने किसिमको संस्थागत प्रवन्ध गर्ने ।

(ङ)किसानका कृषि तथा खाद्य उत्पादन र पशुपन्छीजन्य उत्पादनहरुको उचित बजारमूल्य पाउने गरी कृषिजन्य उत्पादनको बजार सूचना प्रणाली बनाई सूचना प्रवाह र प्रचार प्रसार गर्ने ।

(च)किसानहरुलाई संगठित हुने अवशर सृजना गर्नका लागि कृषक समूह, पशुपालक समूह तथा कृषि सहकारी संस्था गठन र दर्ता एवं नवीकरण प्रकृया सरल बनाई सहजीकरण गर्ने र कृषि कार्यक्रमहरु कृषक समूह मार्फत सञ्चालन गर्न प्राथमिकता प्रदान गर्ने ।

(छ)सामुहिक खेति गरी कृषि उत्पादन बढाउनका लागि अतिरिक्त सेवा सुविधा प्रदान गर्ने ।

(ज)यस गोदावरी नगरपालिकालाई कृषि उपज, दुग्ध पदार्थ र मासुजन्य उत्पादन तथा खाद्य प्रशोधनमा अत्मनिर्भर बनाई बाह्य क्षेत्रमा समेत आपूर्ति गर्नमा सक्षम बनाउने ।

(झ) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणमा निरन्तर योगदान गर्ने र व्याक्तिगत उत्पादन समेत बढाउने किसान लगायतका व्याक्ति वा संघ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याकनका आधारमा सम्मानित वा पुरस्कृत गर्ने प्रणाली स्थापना गर्ने ।

## परिच्छेद पाँच

## कृषियोग्य जमिन, कृषि कार्य र कृषि उत्पादनको पहिचान, वर्गीकरण र व्यवस्थापनसम्बन्धी व्यवस्था

**१२. भूमिको वर्गीकरणः**(१) यस गोदावरी नगरपालिकाले नेपाल सरकारको भू-उपयोग ऐन २०७६ समेतलाई आधार मान्दै आफ्नो क्षेत्रमा रहेको भू-बनोट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा कृषि भूमिको सरक्षण र सदुपयोग हुनेगरी आफ्नो क्षेत्रभित्रको भूमिलाई सामान्य नक्शाङ्कन सहित देहाय बमोजिमको भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नेछः

(क)कृषि भूमि

आवासीय क्षेत्र

(ख) व्यावसायिकक्षेत्र

(ग) औद्योगिक क्षेत्र

(घ) खानी तथा खनिज क्षेत्र

(ङ) वन क्षेत्र

(च) पानी मुहान, नदीनाला र ताल तलैया, सीमसार क्षेत्र

(छ)सामुदायिक, सार्वजनिक उपयोग र खुला तथा चरण क्षेत्र

(ज)सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र

(झ) निर्माण सामग्री उत्खनन क्षेत्र (ढुङ्गा, बालुवा, गिट्टी)

(२) उपदफा (१) बमोजिम गरिएको भूमिको वर्गीकरणलाई सम्बन्धित क्षेत्र स्पष्ट हुनेगरी सो को विवरण स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र सोको सूचना सार्वजनिक रुपमा कार्यपालिकाको कार्यालयमा र प्रत्येक वडाकार्यालयले समेत प्रकाशन गर्नुपर्नेछ ।

(३) भूमिको वर्गीकरण र भू-उपयोगका बारेमा गोदावरी नगरपालिकाले आफ्नेक्षेत्रभित्र सबैको जानकारीका लागि विभिन्न सञ्चार माध्यमबाट समेत प्रचार-प्रसार गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम जुन प्रयोजनका लागि भूमिको वर्गीकरण गरिएको छ, सोही प्रयोजनका लागि उपयोग गर्नुपर्नेछ र कृषि भूमि व्यवस्थापन समिति वा स्थानीय भू-उपयोग परिषद् गठन भएको अवस्थामा उक्त परिषद्को अनुमति नलिई कृषि भूमिलाई अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन ।

**१३. कृषि भूमि व्यवस्थापन समितिः**(१) यस गोदावरी नगरपालिकामा रहेको कृषियोग्य जमिनको संरक्षण र व्यवस्थापन गर्दै दिगो कृषिविकासका लागि योजना तर्जुमा र कार्यान्वयन गर्न देहाय बमोजिमको एक कृषि भूमि व्यवस्थापनसमिति गठन गर्नेछः

(क)गोदावरी नगरपालिका नगर प्रमुख - अध्यक्ष

(ख) गोदावरी नगरपालिकास्तरीय आर्थिक विकास समितिका संयोजक वा प्रमुख - सदस्य

(ग)गोदावरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ)गोदावरी नगरपालिकास्तरीय कृषक समूह महासंघका अध्यक्षवा प्रतिनिधि - सदस्य

(ङ)गोदावरी नगरपालिकास्तरीय भूमि अधिकार मञ्चका अध्यक्ष वा प्रतिनिधि - सदस्य

(च) कृषिसम्बन्धी स्थानीय विज्ञहरुमध्येबाट कार्यपालिकाले मनोनयन गरेको प्रतिनिधि - सदस्य

(छ)कृषि सहकारी संस्थाहरुले छनौट गरेको प्रतिनिधि - सदस्य

(ज) यस समितिले मनोनयन गरेको महिला कृषि उद्यमीहरु मध्येबाट एकजना, व्यवसायिक किसान मध्ये एक जना, आदिवासी जनजाति किसान मध्ये एक जना र दलित किसान मध्ये एक जना गरी ४ जना सदस्य

(झ) गोदावरी नगरपालिकाको कृषि तथा पशुपन्छी सेवासम्बन्धी विषय हेर्ने प्रमुख वा अधिकृत - सदस्य सचिव

(२) यस समितिले कृषि सम्बन्धी विज्ञ तथा अन्य सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधिलाई आफ्नो बैठकमा आमन्त्रण गर्न र राय सुझावहरु लिन सक्नेछ।

(३) समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा आयोजना गर्नुपर्नेछर आवश्यकता अनुसार विभिन्न समयमा बैठक आयोजना गर्न सकिनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको सचिवालय यस गोदावरी नगरपालिकाको कृषि तथा पशुपन्छी सेवा शाखामा रहनेछ ।

(६)यस समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार वडातहमा कृषि भूमि व्यवस्थापन उप-समितिहरु गठन गर्न सक्नेछ ।

**१४. कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)गोदावरी नगरपालिकाको क्षेत्रभित्र किसान, कृषि भूमि, कृषि सेवा, पशुपन्छी सेवा, कृषि पूर्वाधार लगायतका विषयहरुको वस्तुस्थिति संकलन र अभिलेख तयार गरी कृषि तथ्याङ्कहरु प्रकाशन गर्ने ।

(ख) गोदावरी नगरपालिकाको क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको दिगो व्यवस्थापन र सदुपयोगको लागि किसानहरुको समेत सहभागितामा गोदावरी नगरपालिकाको तर्फबाट कृषि सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्यवन गर्ने गराउने ।

(ग) नेपाल सरकार र प्रदेश सरकारबाट लागु गरिएका नीति तथा कानून कार्यान्वयनमा सहकार्य गर्ने र उक्त तहबाट अनुदान प्राप्त हुन आएका कृषि कार्यक्रमहरुकोप्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने ।

(घ) कृषियोग्य भूमिको खण्डीकरण हुनबाट रोक्न र कृषियोग्य जमिनको चक्लाबन्दी गरी कृषि उत्पादन बढाउन चाहने किसान परिवारहरुलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने र यस प्रयोजनका लागि अनुदान उपलब्ध गराउन सहजीकरण गर्ने।

(ङ) कृषियोग्य जमिनमा कृषि उत्पादन गर्न, किसानका लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन र कृषि तथा खाद्य उत्पादनको बजारीकरणका लागि आवश्यक पर्ने विभिन्न कृषि पूर्वाधारहरु निर्माणको लागि योजना तर्जुमा गरी विभिन्न तह र सम्बन्धित निकायमा सिफारिस तथा परामर्श प्रदान गर्ने ।

(च) वन क्षेत्र बाहेक अन्य प्रयोजनमा रहेको जग्गालाई आवश्यकता अनुसार कृषियोग्य जमिनमा परिणत गर्नको लागि स्थानीय भूउपयोग परिषदमा सिफारिस गर्ने ।

(छ) किसानको क्षमता विकास, हकहित संरक्षण र कृषि क्षेत्रबाट समृद्धिका लागि किसानसम्बद्ध नागरिक समाज र संघ संस्था तथा निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(ज) खाद्यका लागि कृषि र तुलनात्मक लाभका कृषिउपजको व्यावसायिक उत्पादन बढाउन आवश्यक अध्ययन, अनुसन्धान, जनशक्ति निर्माण र प्रसार सेवालाई प्रभावकारी बनाउने ।

(झ) भूमिहीन र सिमान्त तथा साना किसानको कृषि भूमिमा पहुँच अभिवृद्धि गर्न यसऐन बमोजिमका आवश्यक कार्य गर्न गराउनमा सहजीकरण गर्ने ।

**१५. कृषि कार्यः** यस गोदावरी नगरपालिकाले देहाय बमोजिमका कार्यहरुलाई कृषि कार्यको रुपमा लिइनेछः

(क) स्थानीय तथा रैथाने लगायतका विभिन्न अन्नवाली सहितका खाद्यान्न बालीको उत्पादन।

(ख) फलफूल, तरकारी, दलहन, तेलहन, चिया कफी तथा मसलाजन्य बस्तु, च्याउ लगायतका नगदेवालीकोखेती ।

(ग) रैथाने लगायत विभिन्न पशु, पन्छी, माछा तथा मौरी पालन ।

(घ) ऊखु, फूल, रेशम, कपास, जुट, सनपाट, काँस, बाबियो, बेत, बाँस तथारबरखेती ।

(ङ) जडीबुटी खेति, विभिन्न प्रकारका घाँस उत्पादन र विभिन्न प्रविधिद्वारा विभिन्न प्रकारका विरुवाहरु उत्पादन तथा कृषि वन सञ्चालन ।

(च) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, कृषि औजार आदिको उत्पादन।

(छ) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी जंगल र जलाशय खेति गरी उत्पादन गरिने अन्य उपभोग्य बस्तुहरु ।

(ज) खण्ड (क) देखि (च) सम्म गरिएका कृषि कार्यबाट उत्पादित वस्तुहरुको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरण ।

**१६. कृषि भूमिको संरक्षणः**(१)यस गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रभित्र पहिचान भएका कृषि भूमिको संरक्षणका लागि देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछः

(क)कृषि भूमिलाई कृषि बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नमा निरुत्साहित गर्ने ।

(ख) कृषि भूमिको ऊर्वरता शक्ति घटाउने, माटोको गुणस्तर ह्रास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी र जलचर लगायतका प्राणीहरुलाई गम्भीर असरगर्ने खालका रासायनिक मल वा विषादी प्रयोगलाई निरुत्साहित गर्दैप्राङ्गारिक मलको प्रयोग र पर्यावरणमैत्री कृषिलाई प्रवर्द्धन गरी जैविक कृषि उत्पादनबढाउन प्रोत्साहन गर्ने।

(ग)बहुवर्षिय र चक्रिय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउने सहयोग गर्ने।

(घ)कृषि भूमिलाई बाढी पहिरो तथा नदी कटानबाट जोगाउन क्षयीकरण नियन्त्रण, पानीको उपयुक्त निकाश, तटबन्ध तथा गल्छी निर्माण, भिरालो जमिनमा गराखेति र आवश्यकता अनुसारकृषि वन प्रणाली अवलम्बन गर्नका लागि सहयोग र प्रोत्साहन गर्ने ।

(ङ) कृषि जमिन क्षति हुनेगरी सञ्चालन गरिने विकास आयोजनाहरुलाई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसारका कार्यहरु गर्न लगाई क्षति भएको कृषि जमिनको पूनरस्थापना गर्ने लगाउने ।

(च)कृषि कार्यका लागि जमिनको चक्लाबन्दी गराउन र कृषि जमिन बाझो नराखी नियमित रुपमा खेति गर्नका लागि प्रोत्साहन गर्ने ।

(छ)कृषि भूमि संरक्षणका लागि आवश्यक स्रोत साधन सहित आवधिक रुपमा बजेट विनियोजन गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने ।

(२)बाढी पहिरो लगायतका दैवि प्रकोपबाट कुनै किसानको कृषि भूमिको गुणस्तर ह्रास भएमा वा कृषिभूमि क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि सम्बन्धित किसानलाई भूमि उकासका लागि प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

(३)बाढी पहिरो लगायतका दैवि प्रकोपका कारण कुनै किसानको कृषि भूमि उकास हुन नसक्ने गरी क्षति भएमा सो वापत जमिनको आर्थिक मूल्याकन र किसानको जीविकाको विकल्प समेत मध्यनजर गरी प्रभावित किसानलाई क्षतिपूर्त उपलब्ध गराउनु पर्नेछ ।

**१७. कृषियोग्य भूमिको उपयोगः** (१) कृषि भूमि व्यवस्थापन समितिले गोदावरी नगरपालिका भित्रको कृषि योग्य जमिनलाई बाँझो नराखी निरन्तर खेती गर्न प्रोत्साहन गर्ने गरी आवश्यक उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरी कृषि योग्य जमिन बाँझो नरहने अवस्था सृजना गर्नेछ ।

(२) आफ्नो कृषियोग्य भूमिमा जग्गावाला आफैले कृषि कार्य गर्न नसक्ने वा नगर्ने व्यक्तिले व्यक्तिले सो को जानकारी सम्बन्धित वडा कार्यालयलाई गराउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त हुन आएमा जग्गावालाकोभूस्वामित्वमा कुनै असर नपर्ने गरी उक्त जग्गालाई यस गोदावरी नगरपालिकाका सम्बन्धित वडा कार्यालयले भाडामा लिई भूमिहीन किसान, सिमान्त किसान, कृषि श्रमिक, कृषक समूह वा अन्य पौरखी किसानबाट समेत खेती गराई खेतीयोग्य जमिन बाँझो नराखी कृषि उत्पादन बढाउन आवश्यक व्यवस्था वा प्रवन्ध गर्न सक्नेछ ।

(४) कृषियोग्य जमिन भएका व्यक्ति तथा परिवारले करार गरी आफ्नो जमिन अन्य किसान परिवार, व्यक्ति, कृषक समूह तथा संस्थालाई भाडामा दिँदा लिन पाउने भाडादर सम्बन्धित वडा अध्यक्ष र कृषि भूमिव्यवस्थापन समितिको सिफारिसमा गोदावरी नगरपालिकालेनिर्धारण गर्न सक्नेछ र यसरी निर्धारण गरिएको जग्गाको भाडादरसम्बन्धी सूचना गोदावरी नगरपालिकाको कार्यपालिका कार्यालय र वडा कार्यालयमा सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम भाडादर निर्धारण गर्दा जग्गाको ऊर्वरा शक्ति, सिंचाइ सुविधा तथासम्बन्धित जग्गाको पहुँचमा रहेका कृषि पूर्वाधार र सुविधासमेतको आधारमा निर्धारण गर्नुपर्नेछ र यस्तो भाडादर कृषि जमिनको सुविधा अनुसार फरक हुनसक्नेछ ।

**१८. कृषियोग्य भूमिमा करार खेतिः**(१) कुनै जग्गा धनीलेकृषियोग्य जमिनमा आफैं खेती गर्न नसक्ने भएमा त्यस्तो जमिन दफा १७ बमोजिम निर्धारित भाडा दरमा करार खेती गर्न इच्छुक कृषक वा कृषक समूहलाई खेती गरी कृषि उत्पादन गर्न वा पशुपन्छी तथा जलचर पालनका लागि करारमा उपलब्ध गराउन सक्नेछ ।

(२) करारमा जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीले गोदावरी नगरपालिकामा आफ्नो कृषि भूमिको विवरण अभिलेखित गराउन सक्नेछ र यस्तो जमिनलाई कृषि उत्पादनका लागि उपयोग गर्न चाहने भूमिहीन किसान, दलित किसान, सिमान्त तथा सानाकिसान, महिला किसान तथा यी किसानको कृषक समूहलाई करार गरी भाडामा उपलब्ध गराउनका लागि कृषि भूमि व्यवस्थापन समितिले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

(३) कृषि भूमि व्यवस्थापनसमितिले तय गरेको भाडादरसँग तालमेल हुनेगरी कृषियोग्य जमिन भाडामा लिनेदिने न्यूनतम् अवधि तथा त्यसका शर्तहरुजग्गा धनी र कृषकको आपसी सम्झौता बमोजिम हुनेछन् र यस कार्यका लागि सम्झौताको आवश्यक ढाँचा तथा अन्यआवश्यक कागजातहरु तयारीमा कृषि भूमि व्यवस्थापनसमितिले सहयोग तथा सहजीकरण गर्न सक्नेछ ।

(४) जग्गा भाडामा लिने कृषक वा कृषक समूहले त्यस्तो भाडामा लिएको जग्गामा हानी नोक्सानी पुर्याउने तथा जमिनको कृषि उत्पादनशीलता घटाउने किसिमका कार्यहरु गर्न गराउन पाइने छैन र भाडामा लिएको कृषि जमिनको प्रयोगमा कुनै परिवर्तन गर्नुपरेमा जग्गाधनीको स्वीकृति लिनुपर्नेछ ।

(५) सरकारी निकाय वा संघ संस्थाले भाडामा वा अन्य रुपमा कृषि कार्यका लागि किसानलाई उपलब्ध गराएको जमिन सम्बन्धित निकाय वा संघ संस्थाको अनुमति नलिई कृषि कार्य बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन् ।

(६) जग्गा भाडा लिई करार खेति तथा व्यावसायिक खेति गर्ने सम्बन्धी अन्य व्यवस्थाहरु यससम्बन्धी कार्यविधिमा निर्धारण भए बमोजिम हुनेछ ।

(७) कृषि भूमिव्यवस्थापन समितिले गोदावरी नगरपालिकाभित्र अधिँया वा बटैया प्रथालाई निरुत्साहितगर्दै करार प्रणालीबाट कृषि जमिनको उपयोग गरी कृषि उत्पादन बढाउन प्रोत्साहन गर्नुपर्नेछ ।

(८) प्रचलित अधिँया वा बटैया खेतीका क्रममा जग्गा धनी र किसानहरुबीच कुनै विवाद उत्पन्न भए उक्त विवाद स्थानीय न्यायिकसमितिमार्फत समाधान गर्न प्राथमिकता दिनु पर्नेछ ।

**१९. सरकारी तथा सार्वजनिक कृषियोग्य भूमिको उपयोगः** (१) यस गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकी खाली रहेको र कृषि प्रयोजनका लागि उपयुक्त रहेको सरकारी तथा सार्वजनिकजमिनलाई उक्त जमिनवाला निकाय वा सस्था र किसान बीच न्यूनतम् भाडा लिनेदिने शर्तमा करार गरी कृषि प्रयोजनका लागि कृषक वा कृषि समूहलाई उपलब्ध गराउन समन्वय र सहकार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कृषि जमिनको न्यूनतम भाडादर निर्धारणका लागि कृषि भूमि व्यवस्थापन समितिले समन्वय गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम करार गरी कृषि कार्यका लागि जमिन उपलब्ध गराउँदा भूमिहीन किसान, सिमान्त किसान तथा साना किसान, महिला किसान तथा कृषिमा निर्भर दलित किसानलाई प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम करार गरी लिने दिने गरेको जमिनमा करार अवधीभर कृषि कार्य बाहेक अन्य कार्य गर्न पाइने छैन ।

**२०. सामुहिक खेतिः**(१) यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले भूमिहीन किसान र सिमान्त तथा साना किसानका लागि समुहिक खेति गर्नेगरी जमिन उपलब्ध गराउन अनुरोध गरेमा कृषि भूमि व्यवस्थापन समितिले आवश्यक जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ ।

(२) समुहिक खेतिबाट प्राप्त लाभको बाँडफाँड उक्त खेतिमा संलग्न किसानको आपसी सम्झौता बमोजिम हुनेछ ।

(३) सामुहिक खेतिबाट उत्पादित कृषि उपज र सोको विक्री वितरणबाट प्राप्त लाभमा कुनै पनि किसिमको स्थानीय करहरु लगाईने छैन ।

(४) कृषक समूह, कृषि सहकारी संस्था वा अन्य कुनै सामुदायिकसंस्थाका माध्यमबाट निजी जमिनलाई पूर्ण वा आंशिक रुपमा चक्लाबन्दी गरी सामुहिक खेति गर्न चाहेमा यस गोदावरी नगरपालिकालेविद्युत, सिंचाइ र कृषि सडक सहितभण्डारणर आवश्यक औजार तथा उपकरणहरुमा समेत कार्यपालकाको निर्णय बमोजिमका सुबिधाहरु प्रदान गर्न सक्नेछ ।

## परिच्छेद छ

## कृषिका लागि सिंचाइ, बीउ बीजन, मलखाद तथा किटनाशक विषादी सम्बन्धी व्यवस्था

**२१. सिंचाइको प्रवन्धसम्बन्धी व्यवस्थाः** (१) यस गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खेतीयोग्य कृषि भूमिमा सतह सिंचाइ, भूमिगत सिंचाइ वा लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसारसिंचाइको प्रवन्ध गर्नेछ ।

(२) सिंचाइको सुविधा उपलब्ध नभएका खेतीयोग्य जमिनमा सिंचाइ सुविधाको प्रवन्ध गर्नका लागियस गोदावरी नगरपालिकाको लगानी बाहेक थप स्रोत साधन आवश्यक पर्ने देखिएमा नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी सिंचाइ सेवाको प्रवन्ध गरिनेछ ।

(३) सम्बन्धित निकाय र कृषक समूह वा सिंचाइ जल उपभोक्ता संस्थाका बीचको साझेदारी वा संयुक्त व्यवस्थापनमा पनि सिंचाइ प्रणालीको स्थापना र सञ्चालन गर्ने सकिनेछ र यस सम्बन्धी अन्य व्यवस्था साझेदारीपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) सतह सिंचाइ सञ्चालन हुन नसक्ने कृषि भूमिमा विद्युतबाट लिफ्ट सिंचाइ वा अन्य प्रविधि तथा सीप विकास गरी आकाशे पानी संकलनगरी वा जमिनमुनिको पानी निकाली वैकल्पिक सिंचाईको व्यबस्थागरिनेछ ।

(५) सिंचाइ प्रवर्द्धनका लागि बिद्युतीय तथा सौर्य उर्जाको प्रयोगलाई प्रवर्द्धन गर्नुपर्नेछ ।

(६)भूमिहीन किसान, सिमान्त तथा साना किसान, महिला किसान तथा कृषिमा निर्भर दलित किसानले लिफ्ट सिंचाइका लागि प्रयोग गर्ने कृषि मिटरमा उठेको वा अन्य विद्युत महशुल मध्ये कम्तिमा ५० प्रतितशत महशुल यस गोदावरी नगरपालिकाले अनुदान स्वरुप उपलब्ध गराउनु पर्नेछ ।

(७) सिंचाइ प्रयोजनका लागि स्थापना गरिएका सौर्य उर्जा प्रणालीबाट उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै निकाय वा संघ संस्था वा व्याक्तिलाई विक्री गर्न सकिनेछ ।

**२२. कृषिका लागि बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको उपलव्धताः** (१) यस गोदावरी नगरपालिकाको आफ्नो क्षेत्रभित्र कृषिका लागि आवश्यक पर्ने बीउ बीजन स्थानीय स्तरमा नै उत्पादन गरी भण्डारण गर्नका लागि किसानहरुलाई आवश्यक प्राविधिक सहयोग र सीप उपलब्ध गराइनेछ र यसका लागि सम्भाव्यताका आधारमा रैथाने बीउ बीजन उत्पादन पकेट क्षेत्र निर्धारण गरिनेछ ।

(२) यस गोदावरी नगरपालिकाले स्थानीय किसानहरुको बीउ बीजन उत्पादन, भण्डारण र प्रयोगसम्बन्धी परम्परागत ज्ञानको अभिलेख गरी नेपाल सरकार तथा प्रदेश सरकारका जीन बैंक र कृषक समूहका सामुदायिक बीउ बैंक समेतका समन्वयमा रैथाने उन्नत बीउ बीजन र सो सम्बन्धी परम्परागत ज्ञानको संरक्षण र सदुपयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नु पर्नेछ ।

(३) यस गोदावरी नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने मलखाद आपूर्तिका लागि प्राङ्गारिक मल उत्पादन र उपयोग गर्नका साथै जैविक किटनाशक विषादीको उत्पादन र उपयोगमा प्राथमिकता दिनेगरी आवश्यक स्रोत साधन, प्रविधि र स्थानीय जनशक्तिको व्यवस्था गर्नेछ ।

(४) यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र आवश्यक पर्ने थप बीउ बीजन, मलखाद तथा किटनाशक वा रोगनाशक विषादी उत्पादन तथा आयात गरी वडा कार्यालय वा कृषि सहकारी तथा कृषक समूहहरु मार्फत भण्डारण र वितरण गर्ने प्रवन्ध गरिनेछ ।

(५) उपदफा (४) बमोजिम उत्पादन तथा भण्डारण भएको बीउ बीजन, मलखाद तथा किटनाशक विषादी कृषकहरुलाई प्रत्येक वडा कार्यालयले आफै वा कृषि सहकारी संस्था वा सेवा प्रदायकहरु मार्फत सहज रुपमा उपलव्ध गराइनेछ ।

(६) मानव तथा पशुपन्छी र जलचरको स्वास्थ्यमा असर पार्ने र कृषि उत्पादनशीलतामा ह्रास ल्याउने खालका तथा मान्यताप्राप्त निकायबाट प्रमाणीकरण नगरिएका र प्रयोग नगर्नु नगराउनु भनी प्रतिबन्ध लगाइएका बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको प्रयोग कसैले पनि गर्न गराउन पाइने छैन ।

(७) किसानहरुमा रासायनिक मल तथा किटनाशक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादी तथा प्राङ्गारिक खेती प्रविधिलाई प्रोत्साहन हुनेगरी विभिन्न सेवा सुविधा र प्रविधिहरु उपलब्ध गराइनेछ ।

(८) बीउ बीजनका लागि सेवा सुविधा, अनुदान र सहयोग उपलब्ध गराउँदा वा कार्यक्रम सञ्चालन गर्दा बालीजन्य बीउ बीजन र घाँस बाली गरी दुबै किसिमका बीउ बीजन उत्पादन र वितरणलाई महत्व दिनु पर्नेछ ।

(९) बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको अनाधिकृत तथा मनोमानी खरिद बिक्रीमा नियन्त्रण गर्नका लागि यस गोदावरी नगरपालिकाले आवश्यक प्रविधिहरुको समेत प्रयोग गरी नियमित रुपमा बजार अनुगमन गरी नियमन गर्नेछ ।

(१०) उमारशक्ति र फलफूल लाग्न नसक्ने किसिमको बीउ बीजन विक्री वितरण गरी किसानलाई कुनै हानी नोक्नानी तथा क्षति हुन गएमा उक्त क्षति वापत प्रचलित कानून बमोजिम प्रभावित किसानलाई क्षतिपूर्ति दिनु पर्नेछ ।

**२३. सामुदायिक बीउ बैंकः** (१) यस गोदावरी नगरपालिकामा रहेका कृषक समूहले एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको स्थानीय स्तरमा सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न चाहने कृषक समूहहरुलाई गोदावरी नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ र यसका लागि सम्बन्धित संघ संस्था र बीउ बीजन व्यावसायीहरुबाट समेत आवश्यक सहयोग लिन सकिनेछ ।

(३) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्ने कृषक समूहले सोको सञ्चालनसम्बन्धी विधान तथा योजना तर्जुमा गरी यस गोदावरी नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

(४) सामुदायिक बीउ बैंकका माध्यमबाट रैथाने बीउ बीजनको पहिचान, अभिलेख तथा सूचीकरण, प्रचार प्रसार र प्रयोगका लागि उत्प्रेरणा प्रदान गर्नुका साथै स्थानीय किसानको रैथाने बीउ बीजनसम्बन्धी परम्परागत ज्ञान एवं प्रथाजनित अभ्यासको अभिलेख तयार गरी राख्नु पर्नेछ र सोको एकप्रति यस गोदावरी नगरपालिकामा समेत अभिलेखका लागि उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद सात

## कृषिसम्बन्धी सूचना, प्राविधिक ज्ञान र सीपसम्बन्धी व्यवस्था

**२४. कृषि कार्यका लागि प्राविधितथा सूचना प्रवाहः** (१) यस गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रभित्र वडा कार्यालयहरुमा कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि प्राविधि र प्राविधिक जनशक्ति सहितको कृषि सिकाइ केन्द्र स्थापना गर्नसक्नेछ ।

(२) गोदावरी नगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाले वडा कार्यालयहरुमा रहने कृषि सिकाई केन्द्रहरु मार्फत किसानहरुलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक प्राविधिक सहयोग र प्रविधि तथा सूचना प्रवाह गर्न सक्नेछ।

(३) यस गोदावरी नगरपालिका अन्तर्गत कृषि तथा पशुपन्छी क्षेत्रमा कार्य गर्न इच्छुक निकाय, संघ संस्था र निजि क्षेत्रले सम्बन्धित वडा कार्यलयसँग अनिबार्य रुपमा समन्वय गर्नु पर्नेछ।

(४)गोदावरी नगरपालिकाले किसानहरुलाई कृषि तथा पशुपन्छीसम्बन्धी आपतकालिन सहयोग तथा उद्धार कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्थासँग समेत समन्वय गरी स्रोत साधन र प्रविधि सहित आवश्यक सहयोग गर्नुपर्नेछ ।

**२५. कृषिसम्बन्धी सूचनामा पहुँचको सुनिश्चितताः** यस गोदावरी नगरपालिकाले कृषकहरुमा कृषि सम्बन्धी आवश्यक सूचनामा पहुँच पुर्याउनका लागि कृषि सूचना केन्द्र स्थापना गरी देहाय बमोजिमका कार्यहरु गर्नेछः

(क)कृषि विकास तथा पशुपन्छी र जलचर पालन र विक्री वितरणको लागि गोदावरी नगरपालिकाबाट तर्जुमा गरिएकयोजना तथा कार्यक्रम र विनियोजित बजेटबारे प्रत्येक वडा र वडाले तोकेका टोलहरुमाउक्त योजना तथा कार्यक्रम पारित भएको बढीमा १५ दिन भित्र किसानहरुले प्राप्त गर्न सक्ने सेवा सुविधाहरुका बारेमा सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(ख) कृषि तथा पशुपन्छी र जलचरसम्बन्धी कार्यक्रमका बारेमाकिसानहरुका बीच सहज रुपमा सूचना प्रवाहको लागिगोदावरी नगरपालिकाको कृषिसम्बन्धी शाखामा कृषि सूचना अधिकारीको व्यवस्थागर्नुपर्नेछर उक्त शाखाकोप्रमुख नै कृषिसम्बन्धी सूचना अधिकारीको रुपमा रहने छन् ।

(ग)कृषि तथा पशुपन्छी र जलचरसम्बन्धी विषयमा किसानहरुले पाउनु पर्ने सेवा सुविधासम्बन्धी आधारभूत सूचना र जानकारीहरु स्थानीय टेलिभिजन, एफएम रेडियो र स्थानीय रुपमा प्रकाशित अनलाइन पत्रिका र सामाजिक सञ्जालहरु मार्फत प्रकाशन तथा प्रचार प्रसार गर्नुपर्नेछ ।

(घ)नेपाल सरकार, प्रदेश सरकार र यस गोदावरी नगरपालिकाबाट किसानहरुले पाउन सक्ने सेवा तथा सुविधाका बारेमा स्थानीय एफएम रेडियो वा अन्य उपयुक्त सञ्चार माध्यममा साप्ताहित रुपमा कृषि प्रसार कार्यक्रम प्रशारणगरिनेछ ।

(ङ)कृषिसम्बन्धी सूचनामा किसानको पहुँचका लागि प्रचार प्रसार गर्दा कृषक समूहका सञ्जालहरु मार्फत र स्थानीय मातृभाषामा प्रचार प्रसार गर्न प्राथमिकता दिनु पर्नेछ ।

(च)कृषि तथा पशुपन्छी सेवाको प्रचार प्रसारलाई प्रभावकारी बनाउन, कृषि तथा पशुपन्छीका लागि आकस्मिक सेवा प्रदान गर्न र कृषि क्षेत्र र पशुपन्छीलाई प्राकृतिक प्रकोप, जलवायुजन्य जोखिम र महामारीबाट बचाउनका लागि यस गोदावरी नगरपालिकामा कल सेन्टरको स्थापना र सञ्चालन, मौसम लगायतका विषयमा कृषि परामश सेवा तथा मोबाइल एप जस्ता आधुनिक प्रविधि र सूचना प्रणालीहरुको उपयोग गर्न प्राथमकिता दिनु पर्नेछ ।

**२६. कृषिसम्बन्धी प्राविधिक ज्ञान तथा सीप वृद्धिः** कृषकहरुको प्राविधिक ज्ञान तथा सीपवृद्धिका लागिगोदावरी नगरपालिकाले देहाय बमोजिमका कार्य गर्नेछः

(क)गोदावरी नगरपालिकाले कृषि र पशुपन्छी तथा जलचर पालनलाई जीविकोपार्जनका साथै व्यवसायिक रुपमाप्रवर्द्धन गर्नका लागिगोदावरी नगरपालिकाआफैले, वाविभिन्न निकाय र परियोजनाको समन्वयमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपन्छी प्राविधिककोव्यवस्था गर्न सक्नेछ ।

(ख) कृषिको दिगोपना र व्यवसायीकरण तथा पशुपन्छी र जलचर पालनको लागि कृषकहरुलाई सामुहिक रुपमा प्राविधिक ज्ञान र सीप विकास सम्बन्धी तालिमको व्यवस्था गरी गोदावरी नगरपालिका आफैले वा सेवा प्रदायक संस्थाहरुका माध्यमबाट समुदायस्तरमा नियमित रुपमा त्यस्ता तालिमहरु सञ्चालन गरिनेछ।

(ग) कृषि विकास तथा पशुपन्छी र जलचर पालनका क्षेत्रमा उपलब्ध वातावरणमैत्री आधुनिक यन्त्रहरुमा किसानलाई सुपथ र सरल रुपमा पहुँच बढाई कृषिमाकिसानमैत्री यान्त्रीकरण गर्न प्रोत्साहन गरिनेछ ।

(घ) प्रत्येक वडामा स्थानीय कृषक समूह, कृषि सहकारीसंस्था वा स्थानीय कृषि फार्म वा वडा कार्यालय आफैले कम्तिमा एक वटा नमुनाकृषि फार्म स्थापना र सञ्चालन गरी उक्त फार्ममार्फत किसानहरुलाईआवश्यक तालिमहरु सञ्चालन गरिनेछ ।

(ङ) कृषि मूल्य संृखलामा आवद्ध कृषि व्यावसायी र कृषि उपज उत्पादक कृषकहरुका बीच स्वच्छ समन्वय र सहकार्यका विकास गरिनेछ।

**२७. कृषक पाठशाला, किसान चौतारी तथा कृषि सिकाई केन्द्रको स्थापना र सञ्चालनः** (१) गोदावरी नगरपालिकाभित्रका कृषकहरुको कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता विकासको लागि प्रत्येक वडास्तरमा कम्तिमा एउटा कृषक पाठशाला, किसान चौचारी स्थापना र सञ्चालन गरिनेछ ।

(२) गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रभित्रका कृषकहरुले कृषि तथा पशुपन्छी र जलचर पालन सम्बन्धमा हासिल गरेका अनुभव र परम्परागत तथा नयाँ ज्ञानहरु एक आपसमा आदान प्रदान गर्ने र नियमित रुपमा किसान सम्वाद आयोजना गर्ने उद्देश्यले गाउँ तथा टोलस्तरमा किसान चातारीहरुको स्थापना र सञ्चालन गर्न सहयोग गर्न सक्नेछ ।

(३) गोदावरी नगरपालिकाभित्र कम्तिमा एउटा कृषि सिकाई केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइनेछ र उक्त कृषि सिकाई केन्द्रलाई गोदावरी नगरपालिकामा रहेका शिक्षण संस्था र विद्यालयहरुसँग समेत अन्तरसम्बन्धित गरी किसानहरुमा कृषि सम्बन्धी प्राविधिक ज्ञान विकास गर्ने स्थलको रुपमा सञ्चालन गर्न सकिनेछ।

(४) कृषक पाठशाला, किसान चौतारी, प्लान्ट क्लिनिक, माटो शिविर र कृषि सिकाई केन्द्रको क्षमता विकासका लागि कृषि ज्ञान केन्द्रबाट सहयोग लिन सकिनेछ ।

(५) गोदावरी नगरपालिकाले कृषक समूह र अन्य कृषि सराकारवालाहरुसँगको समन्वयमा कृषकहरुलाई उपयुक्त हुने स्थानमा कृषि संग्राहलय स्थापना गर्ने सक्नेछ ।

(६) गोदावरी नगरपालिकाले किसानहरुलाई उत्प्रेरणा प्रदान गर्नका लागि समय समयमा कृषि मेला तथा पशुपन्छी प्रदर्शनी मेला तथा कृषि र पशुपन्छी व्यापार मेलाको आयोजना गर्न सक्नेछ ।

(७) गोदावरी नगरपालिकाले स्थानीय स्तरमा रहेका कृषि स्रोत व्यक्तिहरुको अभिलेख राखी उनीहरुको सीप र क्षमताका आधारमा कृषि स्वयम सेवकको रुपमा कृषि सेवामा परिचालन गर्न सक्नेछ ।

## परिच्छेद आठ

## कृषि व्यवसाय प्रवर्द्धन तथा अनुदान, ऋण, बिमा र कृषि विकास कोष सम्बन्धी व्यबस्था

**२८. कृषिव्यवसायः** यस गोदावरी नगरपालिकामा गरिने निम्न कार्यहरुलाई व्यावसायिकउद्देश्यलेगरिनेकृषि व्यवसायको रुपमा लिइनेछः

(क) कृषि बाली वा बस्तुको उत्पादन ।

(ख) कृषिजन्य वस्तुको प्रशोधन तथा विविधिकरण।

(ग) कृषि उपजको व्यापार ।

(घ) कृषि उत्पादनका लागि प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण ।

(ङ) कृषि उत्पादनको लागि प्रयोग हुने कृषि औजार, बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण ।

(च) कृषिमा प्रयोग हुने किटनाशक विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय।

(छ) पशु बधस्थल, मासुजन्य वस्तु विक्री विवरण स्थल ।

**२९. कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनः** कृषि तथा पशुपन्छीजन्य व्यावसाय प्रवर्द्धनका लागि यस गोदावरी नगरपालिकाले देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछः

(क) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने ।

(ख) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने ज्ञान, सीप, प्रविधि तथा अन्यआवश्यक विषयको उचित व्यवस्था गर्न गोदावरी नगरपालिका आफैले वा विभिन्न सेवा प्रदायक संघ संस्थाहरु मार्फत प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

(ग) कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनका लागि अनुदान उपलब्ध गराउने कार्यविधि तर्जामु गरी कार्यान्वयन गर्ने ।

(घ) कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनका लागि कृषकहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन र कृषि ऋणको ब्याज अनुदान उपलब्ध गराउनका लागि वित्तीय संस्था र सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ङ) विभिन्न सूचकका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट कृषि व्यावसायी किसान तथा कृषक समूह वा कृषि सहकारी संस्थाहरु छनौट गरी सहुलियत तथा पुरस्कार प्रदान गर्ने ।

(च) कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनमा सहयोगी हुने खालका रैथाने बीउ, प्रविधि एवं ज्ञान संरक्षणका लागि स्रोत साधन र सहयोग उपलब्ध गराउने ।

(छ) कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध गराइएका सेवा,सुविधाहरुको प्रयोग तथा सदुपयोग बारे अनुगमन र मूल्याङ्कन गरी अभिलेख राख्ने र आवश्यक परामर्श प्रदान गर्ने।

(ज) यस गोदावरी नगरपालिकाले कृषि व्यवसाय प्रवर्द्धनका लागिनिर्माण गरेका कृषि बजार, कृषिवस्तुसंकलन केन्द्र र अन्य कृषि पूर्वाधारहरुको नियमित रुपमा मर्मत सम्भार र सञ्चालन गर्ने ।

(झ) कृषि व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकार,प्रदेश सरकार, कृषिसम्बन्धी नागरिक समाज र व्यावसायिक क्षेत्रसँग नियमित रुपमा समन्वय र सहकार्य गर्ने ।

**३० कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालनः** (१)कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरणका लागि कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्न चाहने किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी संस्था वा अन्य व्यावसायिक किसानलाई गोदावरी नगरपालिकाले आवश्यक सहजीकरण गर्न सक्नेछ ।

(२)कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा भूमिहिन किसान, सिमान्तकृत किसान, साना किसानको हितलाई ध्यान दिनु पर्नेछ र किसानहरुको भूमिमाथिको अधिकारमा प्रभाव नपर्ने कुराको सुनिश्चतता गर्नु पर्नेछ ।

(३)कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित कानूनले तोकेका वातावरणीय दायित्व पुरा गर्नुका साथै सामाजिक तथा सांस्कृतिक क्षेत्रमा नराकारात्मक प्रभाव पार्न पाइने छैन ।

(४)कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालनका लागि प्रचलित कानून बमोजिम उद्योग वा कम्पनीको रुपमा दर्ता हुनुपर्ने भएमा सोही बमोजिम दर्ता भई यस गोदावरी नगरपालिकामा उक्त फर्मको व्यावसाय गर्दा गरेका हुनु पर्नेछ ।

(५)कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालनलाई व्यवस्थित गर्नका लागि गोदावरी नगरपालिकाले आवश्यक मापदण्ड सहितको कार्यविधि तर्जुमा गरी नियमन गर्न सक्नेछ ।

**३१. कृषकलाई अनुदान र छुट तथा सुविधाः** (१) यस गोदावरी नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालनमा संलग्न भूमिहीन किसान, सिमान्त किसान, साना किसान,महिला किसान र कृषिमा आश्रित दलित तथा आदिवास जनजाति किसानलाई प्राथमिकताका प्रदान गरी देहायबमोजिम कृषि अनुदान र छुट तथा सुविधा र सहुलियत प्रदान गर्नेछः

(क)कृषि उपज र पशुपन्छी तथा जलचरमा स्थानीय कर र निकासी शुल्कमा छुट ।

(ख) कृषि तथा पशुपन्छी र जलचर पालन कार्यका लागि किसानहरुलाई सिफारिस दिंदा लाग्ने दस्तुर छुट ।

(ग)कृषि तथा पशुपन्छी र जलचर पालन तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने प्रविधिको प्रयोग(ढुवानी साधन, यान्त्रिक उपकरण, हाट बजार, संकलन केन्द्र र शितभण्डारण केन्द्र आदि) का लागि अनुदान प्रदान।

(घ)परम्परागत कृषि औजार निर्माण गर्ने किसानलाई व्यवसाय दर्तामा छुट र सोको लागि अनुदान प्रदान।

(ङ) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा अनुदान प्रदान ।

(च)अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरु प्रदान ।

(२) उपदफा (१) बमोजिमका छुट तथा अनुदान प्रदान गर्दा किसानको वर्गिकरण र कृषक परिचय पत्रलाई आधार मान्नु पर्नेछ ।

(३) यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने किसानलाई निश्चित् परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्नेगरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**३२. कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदान प्रदानः** (१) यस गोदावरी नगरपालिकामा कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनका लागि सहुलियत र अनुदान प्रदान गर्नका लागि देहाय बमोजिमको एक अनुदान सिफारिस तथा अनुगमन समिति गठन हुनेछः

(क)गोदावरी नगरपालिकाको आर्थिक विकास समितिको अध्यक्ष - संयोजक

(ख) राष्ट्रिय कृषक समूह महासंघको स्थानीय प्रतिनिधि- सदस्य कृषि तथा पशुपन्छी व्यवसायीहरुको १ जना महिला सहित २ जना प्रतिनिधी - सदस्य

(ग) १ जना महिला सहित २ जना कृषक प्रतिनिधि - सदस्य

(घ) कृषि तथा पशुपन्छी विकास शाखाकोप्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले कृषि तथा पशुपन्छी विकास शाखाकोसहयोगमा *कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदान कार्यविधि*तर्जुमा गरी नगर सभाबाट पारित गरी सोही कार्यविधि बमोजिम गोदावरी नगरपालिकाले अनुदानप्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले कृषि व्यवसाय प्रवर्द्धनका लागि प्रदान गरिएको अनुदानको उपयोगको अवस्था र यसमा सुधार गर्नुपर्ने विषयहरु समेत समेटी वार्षिक रुपमा प्रतिवेदन तयार गरी नगर सभामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पारित भएको प्रतिवेदनलाई समेत आधारमानीगोदावरी नगरपालिकाले कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदान कार्यक्रमहरु सञ्चानल गर्नसक्नेछ।

**३३. कृषि ऋणमा पहुँचः** (१) गोदावरी नगरपालिकाभित्रका कृषकहरुलाई आफूसंग भएको वा करार गरी भाडामा लिएको जमिनमा खेती तथा पशुपन्छी वा जलचर पालन गर्न, कृषि सामाग्री तथा पशुपन्छी खरिद गर्न वा कृषि व्यवसाय प्रवर्द्धनको लागि लगानी गर्न आवश्यक पर्ने रकम बिना धितो वा धितो सहित सहुलियत व्याजदरमा वा ब्याज अनुदान प्राप्त हुनेगरी कृषि ऋण उपलब्ध गराउनका लागि गोदावरी नगरपालिकाले बैंक तथा वित्तीय संस्थाहरुमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा ध्यान दिनुपर्ने विषय र सिफारिसका आधारहरु यस गोदावरी नगरपालिकाले तर्जुमा गर्ने कृषि ऋण सिफारिस कार्यविधिमा निर्धारण भए बमोजिम हुनेछ ।

(३) बैंक तथा वित्तीय संस्थाहरुले कृषि ऋण उपलब्ध गराउँदा गोदावरी नगरपालिकाको कृषि सम्बन्धी शाखाले सहजीकरण र सिफारिस गर्न सक्नेछ ।

(४) किसानहरुलाई कृषि ऋण उपलब्ध गराउने प्रयोजनका लागि बैंक तथा वित्तिय संस्थाले विभिन्न सुहलियत सहितका योजनाहरु तय गरी कृषि ऋण कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन् र सम्बन्धित बैंक तथा वित्तिय संस्थाले यस गोदावरी नगरपालिकामा उक्त योजनाहरु बारे पूर्वजानकारी गराउनु पर्नेछ ।

**३४. कृषि बाली तथा पशुपन्छी बीमाः** (१) यस गोदावरी नगरपालिकाले हरेक कृषकले सम्बन्धित बीमक निकाय वा संस्थाको नियम अनुसार आफ्नो सबै कृषि बाली वा कृषि उपज तथा पशुपन्छी र जलचरको बीमा गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक समन्वय गर्न सक्नेछ।

(२) कृषि तथा पशुपन्छी बीमा गर्न नसक्ने गरिब तथा विपन्न र सिमान्त किसानका लागि कृषि तथा पशुपन्छी बीमा गर्न आवश्यक पर्ने रकम यस गोदावरी नगरपालिकाले अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ ।

(३) यस गोदावरी नगरपालिकाले कार्यविधि तर्जुमा गरी सामुदायिक कृषि तथा पशुपन्छी बीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) यस गोदावरी नगरपालिकामा किसानले उत्पादन गर्ने सबै किसिमका कृषि उत्पादनको बीमा लेख तयार गरी बाली बीमा गराइनेछ ।

(५) बिमा कम्पनीहरुले गोदावरी नगरपालिकासँगको समन्वयमा बीमा कार्यका लागि योग्यताप्राप्त गरी प्रमाणपत्र प्राप्त गरेका अभिकर्ताहरुको परिचालन गरी किसानहरुको कृषि बाली तथा पशुपन्छी र जलचरको बीमा गर्ने कार्य गर्न सक्नेछन् र यसरी बीमा कार्यक्रमहरुको सञ्चालन गर्दा बीमा विषयमा किसानले बुझ्नेगरी प्रचार प्रसार समेत गर्नुपर्नेछ ।

(६) कृषि तथा पशु बिमा गर्ने प्रक्रियाबिमा समितिले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

(७)गोदावरी नगरपालिकाको क्षेत्रभित्र गरिएको कृषि तथा पशुपन्छी बीमाको अभिलेख बीमा कम्पनीहरुले यस गोदावरी नगरपालिकालाई वार्षिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(८) कृषक तथा बिमा कम्पनीबीच बिमा सम्बन्धी कुनै विषयमा विवाद उत्पन्न भएमा विवाद समाधानका लागि गोदावरी नगरपालिकाले समन्वय तथा सहजीकरण गर्न सक्नेछ ।

**३५. कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापनाः** (१) कृषि तथापशुपन्छी र जलचर सम्बन्धी व्यवसाय प्रवर्द्धनका लागि यस गोदावरी नगरपालिकामा एक कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका रकमहरु प्राप्त हुनेछः

(क)नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) .गोदावरी नगरपालिकाबाट प्राप्त रकम ।

(ग)नेपाल सरकारको अनुमति लिई विदेशी सरकार र अन्तराष्ट्रिय सङ्ग संस्थासँगसम्झौता गरी यस गोदावरी नगरपालिकामा कृषि व्यावसाय प्रवर्द्धनका लागि उपलब्ध भएको रकम ।

(घ)गोदावरी नगरपालिकाको सभाले तर्जुमा गर्ने आर्थिक कानून बमोजिम कृषि व्यापारीबाट संकलन गरिने सेवा शुल्कको कम्तिमा १५ प्रतिशत रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालनको लागि गोदावरी नगरपालिकाको कार्यपालिकाको निर्णय बमोजिम एक सञ्चालक समितिको गठन गर्नु पर्नेछ र उक्त सञ्चालक समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

**३६. कोषको रकमबाट सञ्चालन गर्न सकिने कार्यक्रमः** (१) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालक समितिको सिफारिसमाकार्यपालिकाको निर्णय बमोजिम कोषको रकम देहाय बमोजिमका कार्यहरुमा उपयोग गर्न सकिनेछः

(क)कृषि तथा पशुपन्छी र जलचर पालनमा आधारित व्यवसाय प्रवर्धन गर्न ।

(ख) कृषि तथा पशुपन्छी र जलचर पालनबाट उत्पादित वस्तुहरुको बजार प्रवर्द्धन गर्न ।

(ग)कृषि तथा पशुसेवा सम्बन्धी प्राविधिक जनशक्ति उत्पादन गर्न ।

(घ)जैविक तथा प्राङ्गारिक खेतीको विस्तार तथा प्रवर्द्धन गर्न ।

(ङ)स्थानीय नश्लका पशुपन्छीको संरक्षण र विस्तार गर्न र कृत्रिम गर्भाधानद्वारा उन्नत नश्लका पशुपन्छीको विकास र विस्तार गर्न ।

(च)कृषि जमिनको माटो परीक्षण तथा उत्पादकत्व संरक्षण गर्न ।

(छ)कृषि तथा पशुपालन क्षेत्रमा किसानका आवश्यकता अनुसार अध्ययन, अनुसन्धान गर्न ।

(ज)बाली तथा पशुपन्छी बीमा प्रवर्द्धन तथा विस्तार गर्न ।

(झ) कृषि तथा पशुपन्छी र जलचर पालनका लागि आवश्यक अनुदान उपलब्ध गराउन ।

(ञ)व्यवस्थित कृषि बजार तथा पशुबधशाला निर्माण गर्न ।

(ट) कृषि तथा पशुपन्छी पालन सम्बन्धी तालिम तथा शिक्षा विस्तार गर्न ।

(ठ) कृषि तथा पशुपन्छी पालन सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याँकन सम्बन्धी कृयाकलाप सञ्चालन गर्न ।

(२).गोदावरी नगरपालिकाको कार्यपालिकाबाट पारित निर्णय बमोजिम कृषि व्यवसायको प्रवर्द्धनका लागि अन्य उपयुक्त क्षेत्रमा कोषको रकम खर्च गरिनेछ ।

## परिच्छेद नौं

## कृषि उत्पादनको वर्गीकरण, भण्डारण तथा प्रशोधन सम्बन्धी व्यवस्था

**३७. कृषि उत्पादनको वर्गीकरणः**गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कृषि उत्पादनलाई देहाय बमोजिम हुनेगरी वर्गीकरण गर्नेछः

(क) अन्न बालीः सबै प्रकारका अन्न बालीहरु ।

(ख) तरकारी बालीः च्याउ लगायत सबै प्रकारका तरकारीबालीहरु ।

(ग) फलफूल बालीः सबै प्रकारका फलफूलहरु ।

(घ) जरेबालीः तरुल, पिडालु, शखरखण्ड लगायतका बालीहरु

(ङ) तेलहनः सबै किसिमका तेलहन बालीहरु

(च) दलहनः सबै किसिमका दलहन बालीहरु

(छ) पशुजन्य उत्पादनः गाईगोरु, भैंसी, खसी, बाख्रा, वंगूर, भेडा लगायत सबै प्रकारका घरपालुवा पशुहरु ।

(ज) दुधजन्य उत्पादनः सबै प्रकारका दुधजन्य उत्पादनहरु ।

(झ) मासुजन्य उत्पादनः मासु खान हुने विभिन्न घरपालुवा पशुपन्छीको मासु ।

(ञ) पन्छीजन्य उत्पादनः मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस लगायतका सबै प्रकारका घरपालुवा पन्छीहरु र रेशम खेतिका उत्पादनहरु।

(ट) माछापालनः मासु तथा बीउ उत्पादनका लागि सबै प्रकारका माछाहरु।

(ठ) मौरी पालनः मह तथा मौरीघार ।

(ड) फूल खेतीः गोदावरी नगरपालिकाको क्षेत्रभित्र र बाहिर समेत आपूर्ति हुने सबै प्रकारका फूल (पुष्प) खेतीबाट उत्पादित फूलहरु ।

(ढ) मसलाजन्य उत्पादनः .गोदावरी नगरपालिकाभित्र उत्पादन हुने सबै प्रकारका मसलाहरु ।

(ण) जडिबुटीः निजी जग्गा र वन क्षेत्रबाट उत्पादन तथा संकलन हुने सबै प्रकारका जडिबुटीहरु ।

(त) काष्ठफलहरुः बदाम, ओखर लगायतका बालीहरु ।

(थ) नगदेवालीः चीया, कफी, अलैची, उँखु, जुट आदी।

(द) नर्सरीका उत्पादनहरुः विभिन्न विधिबाट उत्पादिन सबै प्रकारका विरुवाहरु ।

**३८. कृषि उपजको भण्डारण र प्रशोधनः** (१) गोदावरी नगरपालिकाको क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि भौतिक पूर्वाधारहरु र शीत भण्डार तथा चिस्यान केन्द्र निर्माणगरी किसानहरुले सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन सकिनेछ ।

(२) गोदावरी नगरपालिकालेकृषि सहकारी सस्थाहरुसँग समन्वय र सहकार्य गरी संयुक्तरुपमा कृषि उपज संकलन तथा भण्डारण कक्ष, शीत भण्डार तथा चिस्यान केन्द्र र प्रशोधन केन्द्रका लागि अन्य आवश्यक भौतिक पूर्वाधारहरु निर्माण गर्न सक्नेछ ।

(३) कृषि सामाग्रीको भण्डारण गरेबापत लाग्ने शुल्कको निर्धारण कार्यपालिकाले गर्नेछ ।

(४) गोदावरी नगरपालिकाभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थहरुलाई विभिन्न औधोगिक क्षेत्रमानिर्यात गर्नका लागि आवश्यक प्रबन्ध मिलाउन सकिनेछ ।

(५) गोदावरी नगरपालिकाभित्र आवश्यकता र सम्भाव्यता अनुरुपको कृषि उत्पादन केन्द्रित प्रशोधन केन्द्रहरुको स्थापना र सञ्चालन गर्न प्राथमिकता प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद दश
## कृषि बजार प्रणाली व्यवस्थापन सम्बन्धी व्यवस्था

**३९. कृषि बजार र कृषि उपज संकलन केन्द्रको स्थापनाः** (१) यस गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रीका लागि किसान र सरोकारवालाहरुसँगको परामर्शमा उपयुक्त स्थानहरुमा कृषि बजार वा कृषि उपज संकलन केन्द्रहरुको स्थापना गरीगोदावरी नगरपालिका आफैले वा कृषक समूह तथा कृषि सहकारी संस्था मार्फत संचालन गर्न सक्नेछ ।

(२) गोदावरी नगरपालिकामा दर्ता भएका कृषि सम्बन्धी सहकारी संस्था,कृषक समूह वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले गोदावरी नगरपालिकाको कार्यपालिकासँग अनुमति लिइ कृषि बजार वा कृषि उपज संकलन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(३) गोदावरी नगरपालिकाको क्षेत्रभित्र सञ्चालन गरिने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क)थोक बजार ।

(ख) खुद्रा बजार ।

(ग)हाटबजार ।

(घ) कृषि सहकारी संस्था र कृषक समूहको संयुक्त हाट बजार ।

(ङ) कृषि उपज सङ्कलन केन्द्र ।

(४) उपदफा (१) बमोजिमका बजार सञ्चालन र व्यवस्थापन वापत लाग्ने शुल्क गोदावरी नगरपालिकाको सभाले तोके बमोजिम हुनेछ ।

(५) यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र स्थापन र सञ्चालन भएका कृषि बजार वा कृषि उपज संकलन केन्द्रमा कृषि उपजको खरिद विक्री गर्दा उक्त उपजका सम्बन्धमा गोदावरी नगरपालिकाले निर्धारण गरेको न्यूनतम सर्मथम मूल्यमा मात्र खरिद बिक्री गर्नुपर्नेछ ।

(६) कृषि बजार वा कृषि उपज संकलन केन्द्रको सञ्चालनसम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमाजिम हुनेछ ।

(७) गरिब तथा विपन्न र सिमान्तकृत किसानले उत्पादन गरेका कृषि उपज बजारसम्म लैजानका लागि .गोदावरी नगरपालिकाले न्यूनतम् रुपमा कृषि उपज ढुवानी अनुदान तथा कृषि एम्बुलेन्स सेवा उपलब्ध गराउन सक्नेछ ।

**४०. कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिः** (१) यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र स्थापना भएका कृषि बजार तथा कृषि उपज संकलन केन्द्रको व्यवस्थापन र अनुगमनका लागि कार्यपालिकाले देहाय बमोजिमको एक कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति गठन गर्नु पर्नेछः

(क)गोदावरी नगरपालिकाको उपमेयर/उपाध्यक्ष - संयोजक

(ख) गोदावरी नगरपालिकाको कृषि विषय हेर्ने सदस्य - सदस्य

(ग)गोदावरी नगरपालिकाको कृषि शाखा प्रमुख - सदस्य

(घ) कृषि बजार तथा कृषि उपज संकलन केन्द्र सञ्चालन गर्ने कृषि सहकारी वा कृषक समूह वा व्यावसायिक संस्थाको प्रतिनिधिमध्ये एक जना - सदस्य

(ङ) गोदावरी नगरपालिकाको कृषि तथा पशु प्राविधिक - सदस्य सचिव

(२) कृषि बजार तथा कृषि उपज संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको बैठक र अन्य व्यवस्थाकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**४१. प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली अवलम्बनः**(१) यस गोदावरी नगरपालिकामा किसानले उत्पादन गरेका कृषि उपजहरु प्राङ्गारिक खेति प्रणाली अवलम्बन गरी उत्पादन गरिएकोले गुणस्तरीय छ भनी सहभागितामूलक रुपमा गुणस्तर निर्धारण गरी प्रमाणीकरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण गरी प्रमाणीकरण गर्नका लागि यस गोदावरी नगरपालिकाले तर्जुमा गर्ने सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली प्रवर्द्धन कार्यविधिमा उल्लिखित प्रकृयाहरु अवलम्बन गर्नु पर्नेछ ।

**४२. कृषि उत्पादनको न्यूनतम् समर्थन मूल्यः** (१) यस गोदावरी नगरपालिकाले आर्थिक विकास समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्दा छिमेकी स्थानीय तहमा रहेको कृषि उपजको न्यूनतम् समर्थन मूल्य तथा बजार मूल्यलाई समेत ध्यान दिनु पर्नेछ ।
(३) उपदफा (१) बमोजिमको न्यूनतम समर्थन मूल्य तोक्दा किसान, कृषि उपज व्यावसायी, कृषि सहकारी संस्था, कृषक समूह र गोदावरी नगरपालिकाभित्र कार्यरत कृषि सम्बन्धी संघ संस्था र नागरिक समाजसँग परामर्श गरी तोक्नु पर्नेछ ।
(४) कृषि बजार व्यवस्थापन समितिको सिफारिसमा गोदावरी नगरपालिकाको कार्यपालिका बैठकबाट मौसम अनुरुप कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्ने सकिनेछ ।
(५) कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने मापदण्ड र सूचकहरु गोदावरी नगरपालिकाको कार्यपालिका बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।
(६) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषकले संकलन केन्द्र वा आफ्नो खेतबारीमा प्राप्त गर्ने मूल्य तथा उपभोक्ताले तिर्ने मूल्यको नियमित अभिलेख राखी सुधारका लागि सुझाव दिन सक्नेछ ।

**४३. कृषि व्यापारीहरुको दर्ता र नियमन** (१) कृषि बजार वा कृषि उपज संकलन केन्द्र भित्र व्यापार गर्न इच्छुक कृषि व्यापारी वा कृषि उपज व्यवसायीहरु यस गोदावरी नगरपालिकामा दर्ता हुनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम कृषि व्यापारी वा कृषि उपज व्यवसायीहरुको दर्ता र नियमनसम्बन्धी प्रक्रिया कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
(३) यस गोदावरी नगरपालिकाभित्रका र अन्यत्रका कृषि व्यापारी वा कृषि उपज व्यवसायीहरुले यस गोदावरी नगरपालिकामा देहाय बमोजिमका कागजातहरु पेश गरी कृषि व्यवसायीको रुपमा दर्ता हुन सक्नेछनः

(क) कृषि व्यवसायीको नागरिकताको प्रतिलिप।
(ख) सम्बन्धित निकायमा भएको व्यवसाय दर्ता प्रमाणपत्र ।
(ग) स्थायीलेखा नम्बर प्रमाणपत्र ।
(घ) कृषि बजार तथा कृषि उपज संकलन केन्द्र भित्र सञ्चालन गर्न चाहेको कृषि व्यवसायको योजना ।

(४) गोदावरी नगरपालिकामा दर्ता भएका कृषि व्यवसायीसँग सम्झौता गरी गोदावरी नगरपालिकाले कृषि उपजको न्यूनतम्समर्थन मूल्य लागू गर्न सक्नेछ ।
(५) गोदावरी नगरपालिकामा दर्ता भएका कृषि व्यवसायीले कृषि बजार वा कृषि उपज संकलन केन्द्रभित्र किसानसँगकृषि उपज खरिद गर्दा गोदावरी नगरपालिकाद्धारा तोकिएको न्यूनतम् सर्मथन मूल्यमा खरिद गर्नुपर्नेछ र न्यूनतम् समर्थन मूल्य भन्दा कममा कृषि उपज खरिद गर्न पाइने छैन ।

**४४. कृषि उपजको आयात तथा निर्यातः** (१) कृषि शाखाले किसानहरुसँग जानकारी लिई यस गोदावरी नगरपालिकाभित्र उत्पादन भएकाकृषि उपजहरुको त्रैमासिक तथ्याङ्क र अभिलेख तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको तथ्यांक तथा अभिलेखलाई कृषिशाखाले त्रैमासिक रुपमा कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले र गाउँपालिकामापेश गरी सार्वजनिक गर्नुपर्नेछ ।

(३) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले यस .गोदावरी नगरपालिकामा बचत हुन सक्ने कृषि उपजलाई अन्यत्र निकासीका लागि आवश्यक प्रवन्ध गर्न सक्नेछ ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले यस गोदावरी नगरपालिकाका नागरिकलाई आवश्यक पर्ने अन्य कृषि उपज गोदावरी नगरपालिकाभित्रनिर्यात गर्ने व्यवस्था समेत मिलाउन सक्नेछ ।

(५) कृषि उपज आयात निर्यातको व्यवस्थापनका लागि गोदावरी नगरपालिकाले सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा सुहलियत दरमा कृषकहरुलाई सहुलियत दरमा कृषि उपज उपयोग गर्न दिन सक्नेछ।

(६) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले त्रैमासिक रुपमा कृषक, कृषि व्यावसायी र सरोकारवालाहरुसँग नियमित बैठकको आयोजना गर्नुपर्नेछ ।

**४५. पशुपन्छी सेवासम्बन्धी व्यवसाय दर्ताः** (१) यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र एग्रोभेट पसल, पशुपन्छीको दाना पसल, पन्छीहरुको चल्ला पसल लगायतका पशुपन्छी सेवासम्बन्धी व्यापार व्यावसाय सञ्चालन गर्ने योग्यता प्राप्त उद्योग, कम्पनी वा फर्महरु यस गोदावरी नगरपालिकाको सभाले तोकेको शुल्क तिरी दर्ता भइ वार्षिक रुपमा व्यवसाय नवीकरण गरेका हुनु पर्नेछ ।

(२) यस गोदावरी नगरपालिकाको क्षेत्रभित्र पशुपन्छी सेवा व्यवसाय सञ्चालन गर्ने उद्योग, कम्पनी वा फर्महरुले गर्दै आएको व्यावसायको गुणस्तरीयताका बारेमा यस गोदावरी नगरपालिकाको कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी गुणस्तर सुधारका लागि आवश्यक निर्देशन दिनु पर्नेछ र सम्बन्धित व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ ।

**४६. पशुपन्छी अस्पतालः**गोदावरी नगरपालिकाले किसानहरुलाई उपयुक्त हुने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छी अस्पताल स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ ।

**४७. पशु बधशाला तथा पशु बधस्थलको स्थापना तथा सञ्चालनः** (१) गोदावरी नगरपालिकाले आफ्नोक्षेत्रभित्र पशुबधशाला तथा पशु बधस्थल स्थापना गर्न उपयुक्त स्थानहरु पहिचान गरीसञ्चालनमा ल्याउन सक्नेछ ।

(२) पशुपन्छी सम्बन्धी सहकारी संस्था वा व्यवसायिक संस्थाले गोदावरी नगरपालिकाको अनुमति लिई पशु बधशाला स्थापना गर्न सक्नेछ ।

(३) गोदावरी नगरपालिकाले सहकारी संस्था वा व्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारीमा पशुबधशाला वा पशु वधस्थल स्थापना गरी सञ्चालन गराउन सक्नेछ ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले सम्बन्धित सरोकारवाला समेतकोप्रतिनिधित्व र सहभागितामा पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन, पशुपन्छीको मासु र मासु पसल तथा फ्रेस हाउसले पालन गर्नुपर्ने मापदण्ड वा कार्यविध तर्जुमा गरी लागु गर्न सक्नेछ।

(५) मृत्यू भएका पशुहरु विसर्जनका लागि सम्बन्धित वडा कार्यालयले उपयुक्त स्थान तोक्न सक्नेछ र उक्त तोकिएको स्थानमा नै मृत पशुहरु विसर्जन गर्नु पर्नेछ ।

**४८ दुधजन्य उत्पादन तथा प्रशोधन र बजारीकरणः** (१) यस गोदावरी नगरपालिकालाई दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि पशुपालक किसानहरुलाई अनुदान तथा प्राविधिक सेवा लगायतका सहयोग उपलब्ध गराउन सकिनेछ ।

(२) यस गोदावरी नगरपालिकामा पशुपालक किसानहरुले उत्पादन गरेको दुधको प्रशोधन गरी मूल्य अभिवृद्धि गराउनका लागि दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादन उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथा सहजीकरण गर्न सकिनेछ ।

(३) यस गोदावरी नगरपालिकामा रहेका किसानका पशु गोठको व्यवस्थापन तथा मर्मत सम्भार, खलो सुधार, दुग्ध उत्पादनको लागि पशुलाई चाहिने पोषणको प्रवन्ध गर्न आवश्यक पर्ने घाँस, दाना तथा अन्य आहार र पानी अपूर्तिका साथै पशुजन्य रोगको समयमा उपचार र तत्काल रोग नियन्त्रण गर्ने जस्ता विषयमा आवश्यक आर्थिक तथा मानवीय स्रोत सहितको योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## परिच्छेद एघार

## कृषि पर्यावरण तथा कृषि जैविक विविधता संरक्षण सम्वन्धी व्यवस्था

**४९. सिंचाइका स्रोतहरुको संरक्षणः** गोदावरी नगरपालिकाको क्षेत्रभित्र प्राकृतिक रुपमा रहेका पानीको मुहान, पोखरी, नदीनाला, परम्परागत कूलो बाँध संरक्षण, मर्मत सम्भार र जिर्णोद्धार गरी सिंचाइका लागि सञ्चालनमा ल्याउनु पर्नेछ ।

**५०. माटो परीक्षणको व्यबस्थाः** (१)गोदावरी नगरपालिकाभित्रको विभिन्न स्थानमा विभिन्न किसिमका कृषि कार्यक्रम सञ्चालन गर्नका लागि तथा तुलनात्मक लाभका कृषि वस्तु उत्पादनका लागि कृषि पकेटक्षेत्र छुट्याउनु भन्दा पहिला माटो परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गोदावरी नगरपालिकाले सरकारी प्रयोगशाला वा सेवा प्रदायक संस्थाहरुको प्रयोगशालाको उपयोग गर्न र किसानको खेतबारीमा नै माटो परीक्षण गर्न गराउनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।

**५१. जलवायु अनुकुलन, कृषिजैविक विविधता र वातावरणको संरक्षणः** (१) कृषि क्षेत्रमा जलवायु अनुकूलन तथा उत्थानशिलताका लागि उपयुक्त प्रविधि र पर्यावरण र जलवायुमैत्री दिगो कृषि प्रणालीको विकास गर्न प्राथमिकता दिनु पर्नेछ ।

(२) कृषि जैविक विविधतालाई मध्यनजर गर्दै एकीकृत र मिश्रित खेती प्रणालीमा जोड दिँदै कृषि उत्पादनका लागि स्थानीय विशेषताका आधारमा स्थानीय स्रोत परिचालन गर्नुपर्नेछ ।

(३) कृषि क्षेत्रलाई प्रकोपबाट सुरक्षित राख्नका लागि स्थानीय अनुकूलन योजना र विपत जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(४) जलवायुजन्य जोखिम बहन गर्नसक्ने र प्राकृतिक पहिचान भएका वाली र बोटविरुवाहरु, वनस्पति तथा बीउ बीजनको अनुवंशहरु, जीवहरुको पहिचान र संरक्षणका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

(५) कृषिजन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्ने कार्यहरु गर्न पाइने छैन र कृषि भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन भएमा सम्भव भएसम्म कृषि जमिनलाई पहिलाकै अवस्थामा ल्याउनका लागि आवश्यक कार्यहरु गर्नुपर्नेछ ।

**५२. कृषि पर्यापर्यटनः** (१)गोदावरी नगरपालिकाले किसानहरुलाई कृषि पर्यापर्यटन प्रवर्द्धन हुने गरी प्राकृतिक रुपमा कृषि कार्य सञ्चालन गर्न प्रोत्साहन गर्नेछ ।

(२) कृषि तथा पशुपालनसम्बन्धी स्रोत केन्द्रहरुको विकास गर्दा पर्यापर्यटनलाई समेत प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ ।

(३) गोदावरी नगरपालिकाले कृषि पर्यापर्यटन प्रवर्द्धन गर्न गोदावरी नगरपालिकाभित्र नमुना कृषि पर्यपर्यटन क्षेत्रहरु घोषणा गर्न सक्नेछ ।

**५३. कृषि वन प्रणालीको विकासः** (१) किसानहरुलाई पर्यावरण, जलवायु र जैविक विविधता अनुकूल हुनेगरी कृषि वन प्रणालीको विकास गर्नका लागि अनुदान लगायतका उत्प्रेरणा प्रदान गरिनेछ ।

(२) कृषि वनबाट उत्पादित वन पैदावारहरु मध्ये वनसम्बन्धी प्रचलित कानून बमोजिम कृषिवस्तु सरह सूचीकृत भएका पैदावारहरुलाई कृषि वस्तु सरह मानी विना अनुमति ओसार पसार विक्री वितरण गर्न पाइनेछ ।

(३) कृषि वनको विकासका लागि विभिन्न स्थानहरुमा नर्सरी स्थापना गर्नका लागि कृषक समूहलाई अवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

(४)गोदावरी नगरपालिकाले पशु आहारको दिगो आपूर्तिका लागि भुई तथा डाले घाँस उत्पादनका लागि कृषि वन प्रवर्द्धन गर्न आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**५४. पशु चरीचरण क्षेत्रको निर्धारणः**(१) पशुपन्छीको विकास र जैविक खेति प्रवर्द्धनका लागि उपलब्ध भएसम्मका सार्वजिनक जग्गा, बाँझो जमिन र खर्क जग्गाहरुलाई पशु चरीचरणका लागि उपयोगमा ल्याउनका लागि गोदावरी नगरपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(२) यस गोदावरी नगरपालिकाको क्षेत्रमा रहेका छाडा गाईवस्तुको नियन्त्रण र व्यस्थापनका लागि सम्बन्धित पशुपालक किसानहरुको सहयोग र समन्वयमा गौशाला तथा कान्जी हाउसको व्यवस्था गरी छाडा गाईवस्तुको नियन्त्रण गरिनेछ ।

(३) कसैले आफ्नो गाईवस्तु छाडा छोडेका कारण कसैको सम्पत्ति वा कुनै वस्तु हानी नोक्सानी भएमा गाईवस्तु छाडा छोड्ने व्यक्तिले सो वापत आवश्यक क्षतिपूर्ति तिर्नु पर्नेछ ।

**५५. कृषि हानीकारक वन्यजन्तु व्यवस्थापनः** (१).गोदावरी नगरपालिकाले वनमा पानी पाखरी निर्माण, वन क्षेत्रमा वन्यजन्तुमैत्री फलफूलका रुख विरुवाको सरक्षण र व्यवस्थापन, वन डढेलो नियन्त्रण जस्ता कार्यक्रमहरु गरी वन्यजन्तुलाई वनमा नै बस्ने वातावरण सृजना गर्न सक्नेछ ।

(२) वन्यजन्तुबाट हुने कृषि बाली तथा पशुधनको क्षति वापत क्षतिपूर्ति उपलब्ध गराउनका लागि गोदावरी नगरपालिकाले वार्षिक रुपमा बजेट विनियोजन गर्नु पर्नेछ ।

## परिच्छेदबाह्र
## कृषि सम्बन्धी गुनासो व्यवस्थापन

**५६. कृषि सम्बन्धी गुनासो व्यवस्थापनः** (१) यस ऐनको कार्यान्वयनका सम्बन्धमा कुनै गुनासो उत्पन्न भएमा गोदावरी नगरपालिकाले गुनासो सुन्ने अधिकारी नियुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गुनासो सुन्ने अधिकारीले सम्बन्धित व्यक्ति वा कृषक समूहले दिएको गुनासो दर्ता गरी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको गुनासो सुनुवाई गर्नका लाग देहाय बमोजिमको एक गुनासो व्यवस्थापन समिति गठन हुनेछः

(क)गोदावरी नगरपालिकाको उप प्रमुख — संयोजक

(ख) गोदावरी नगरपालिकामा कृषि क्षेत्र हेर्ने सदस्य - सदस्य

(ग).गोदावरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ)सम्बन्धित वडा अध्यक्ष - सदस्य

(ङ) कृषि तथा पशुपन्छी सेवासम्बनी शाखाको प्रमुख - गुनासो सुन्ने अधिकारी ।

(४) उपदफा (३) बमोजिम गठित गुनासो सुनवाई समितिले कृषि सम्बन्धी गुनासो सुनि मेलमिलाप वा अन्य उपयुक्त माध्यमबाट गुनासो व्यवस्थापन गर्नुपर्नेछ ।

(५) कृषि तथा पशुपन्छी सम्बन्धी गुनासो सम्बोधनका लागि यस पालिकामा रहेका कृषि तथा पशुपन्छी सेवासँग सम्बन्धित समितिका पदाधिकारी, सदस्य र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा अवलोकन भ्रमण लगायतका कार्यक्रम सञ्चालन गरी क्षमता विकास गर्न सकिनेछ ।

**५७. ऐन कार्यान्वयनको जिम्मेवारी र पालनाः** (१) यो ऐनको कार्यान्वयनकोजिम्मेवारी गोदावरी नगरपालिकाको कार्यपालिका, वडाकार्यालय, विभिन्न समितिहरु, किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी, कृषि व्यवसायी, सेवा प्रदायक, कृषि सरोकारवाला तथा सम्बन्धित सबै प्रतिनिधि रकर्मचारीको हुनेछ ।

(२) यस ऐनमा भएका व्यवस्थाको पालना गर्नु सबै सरोकारवालाको कर्तव्य हुनेछ र कसैले पनि ऐन विपरीत कार्य गर्न दिईनेछैन ।

(३) यस ऐन बमोजिम कार्यक्रम सञ्चालन गर्दा अनियमितता हुन नपाउने गरीनियमन गर्नको लागि गोदावरी नगरपालिकाले समय समयमा अनुगमन समिति गठन गरी अनुगमन र नियमन गर्न सक्नेछ ।

## परिच्छेद तेह्र
## विविध

**५८. कृषि विकासका लागि अन्तर निकाय समन्वयः** (१) यस गोदावरी नगरपालिकामा सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रमहरुका बीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्नका लागि योजना तर्जुमा प्रक्रयाका सबै चरणहरुमासबै निकाय र सरोकारवालाहरुका बीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।



गोदावरी नगरपालिका

(२) नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा यस गोदावरी नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

**५९. वाह्य सहयोग लिन सक्ने**ः नेपाल सरकारको अनुमतिलिई यस गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रमा कृषि विकासको लागि विदेशी सरकार र संघ संस्थासँग आर्थिक. प्राविधिक तथा अन्य सहयोग लिन सक्नेछ ।

**६०. भूमिको लाभ बाँडफाँडः** यस गोदावरी नगरपालिकाले संकलन गर्ने भूमिको मालपोतबाट प्राप्त वार्षिक आम्दानीको कम्तिमा १५ प्रतिशत रकम सिमान्त तथा साना किसान र कृषक समूहको क्षमता विकास र अनुदानमा खर्च गर्नु पर्नेछ ।

**६१. कृषक पेन्सन कार्यक्रम सञ्चालनः**यस .गोदावरी नगरपालिकामा नेपाल सरकार र प्रदेश सरकारसँग समन्वयगरी कृषकको वर्गीकरण अनुसार परिचय पत्र प्रदान गरिने छ र आवश्यक कार्यविधि तर्जुमा गरी यसरी प्रदान गरिएको कृषक परिचयपत्रको आधारमा किसान सञ्चित कोष लगायतका उपयुक्त कोषका माध्यमबाट कृषक पेन्सन कार्यक्रम सञ्चालन गरिनेछ ।

**६२. कृषि वा कृषक पुरस्कारः** (१) यस गोदावरी नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका पौरखी किसान र कृषि विकासमा उल्लेखनीय योगदान गर्ने विभिन्न व्यक्ति, कर्मचारी तथा संघ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्यांकनका आधारमा प्रत्येक वर्ष कृषक सम्मान पुरस्कार प्रदान गरिनेछ र उक्त पुरस्कारको राशी गोदावरी नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कारका लागि सिफारिस गर्न गोदावरी नगरपालिकाको कार्यपालिकाले एक सफारिस समिति गठन गर्नुपर्नेछ र उक्त सिफारिस समितिले विभिन्न मूल्याङ्कन मापदण्ड बनाई सोही आधारमा सिफारिस गर्नुपर्नेछ ।

**६३. शहरी कृषिको प्रवर्द्धनः**(१) शहरी तथा अर्धशहरी क्षेत्रमा घरघडेरीका रुपमा रहेका जग्गालाई बाझो नराखी कृषि उत्पादनका लागि सदुपयोग गर्नका लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न सकिनेछ ।

(२) शहरी तथा अर्धशहरी क्षेत्रमा कौशी खेति, करेसा वारीमा तरकारी तथा फलफूल खेति, पोषण बगैचा, घर बगैचा, फूलखेति आदि कार्यका लागि प्रोत्साहन स्वरुप आवश्यक नगद अनुदान, बीउ बीजन र सामग्रीहरु उपलब्ध गराई शहरी खेतिको प्रोत्साहन गर्नु पर्नेछ ।

**६४. दण्ड सजायः** कृषिका लागि उपयोग हुने माटो तथा पानी प्रदुषण गर्ने, उमारशक्ति नभएका र फल दिन नसक्ने किसिमका बीउ बीजन विक्री वितरण गरी किसानलाई हानी नोक्सानी पुर्याउने, किसानलाई आपूर्ति गर्नुपर्ने मलखाद तथा बीउ बीजन र दाना लगायतका वस्तुको आपूर्तिमा कृतिम अभाव खडा गरी कालो बजारी गर्ने, कृषि तथा दुध र मासुजन्य उत्पादनमा मिसावट गरी गुणस्तर ह्रास गर्ने लगायतका कसुरको तहकीकात, मुद्दा दर्ता र दण्ड सजाय सम्बन्धी व्यवस्था उपभोक्ता संरक्षण, वातावरण संरक्षण र बीउ बीजन लगायतका प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

**६५. अधिकार प्रत्यायोजनः** यस गोदावरी नगरपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**६६. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि यस गोदावरी नगरपालिकाले देहायका विषय लगायतका अन्य विभिन्न विषयमा आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

(क)किसान पहिचान, वर्गिकरण तथा सूचीकरण र परिचयपत्र व्यवस्थापन ।

(ख) कृषक समूह गठन, दर्ता, नवीकरण र सञ्चालन ।

(ग) सामुदायिक बीउ बैंक सञ्चालन ।

(घ) जग्गा भाडा, करार खेति तथा व्यावसायिक खेति सञ्चालन ।

(ङ) कृषि ऋृण सिफारिस ।

(च) प्रङ्गारिक कृषि उपजको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली प्रवर्द्धन ।

(छ)पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन ।

(ज)अन्य आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन ।

**६७. बचाउ तथा खारेजी र बाझिएमा गर्नेः**(१) यस गोदावरी नगरपालिकाले कृषि तथा पशुपन्छीका विषयमा यस अघी कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

**आज्ञाले**

**बसन्त कुमार खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**
**मिति :** २०७९/०३/१४ गते